# :jR5 ;gj'fO ;DaGwL

# ;f]t kl:tsf

k|sfzs

dxfGofoflwjQmfsf] sfof{no, g]kfn

/fdzfx ky, sf7df8f}+

k':tsM :jR5 ;ª'jf0;DaGwL ;[]t kl:tsf

;[]t ;fdu|L tof/L ;dX

;xGofoflwjQmf >L /]j tL/fh lqkf7L, dxfGofoflwjQmfsf]sfof{no cg'ldgstf{
pkGofoflwjQmf >L /fdsbf/ yfkf, dxfGofoflwjQmfsf]sfof{no ;b:o
pklgb]{zs >L >Ls[0f dNdL, /fli6«o Goflos k|ti7fg ;b:o
zfvf clws[t >L ljgf v8\sf, dxfGofoflwjQmfsf]sfof{no ;b:o

;Dkfbg÷;+of]hg M ;xGofoflwjQmf >L Zofdsbf/ e§/fO{

k|sfzs M dxfGofoflwjQmfsf]sfof{no, g]kfn

k|sfzg k|lt M !))) k|lt

k|sfzg ldlt M @)&$ efb|

;xofu M sfg"gL zf;g tyf dfgj clwsf/ ;+:yf0f k|ffnL ;jnLs/0f sfo{qmd

# महान्यायाधिवक्ताको कार्यालय

(...................................... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-............................


## मन्तव्य



स्वच्छ सुनुवाइलाई आधुनिक न्याय प्रशासनको आत्मा मानिन्छ । यो स्वतन्त्र न्यायपालिकाका लागि अपरिहार्य सिद्धान्त हो, कानूनको शासन स्थापना गर्न एवम् न्याय सम्पादन प्रक्रियामा मानव अधिकारको संरक्षण गर्न यो सिद्धान्त विकास भएको हो । स्वच्छ सुनुवाइको त्यस्तो विषय हो जसका आधारमा कुनै पनि देशको न्याय तथा कानून प्रणालीको प्रभावकारिता र स्वच्छता मापन गर्ने गरिन्छ । फौजदारी न्याय प्रशासनका महत्वपूर्ण अवयवको रुपमा रहेका सरकारी वकीलहरु स्वच्छ सुनुवाइका सिद्धान्तहरु प्रति जानकार हुनु पर्दछ । ती सिद्धान्तहरुलाई व्यवहारमा लागू गर्न सक्ने हुनु पर्दछ । यसै सन्दर्भमा स्वच्छ सुनुवाइको अवधारणा, सिद्धान्त, अन्तर्राष्ट्रिय दस्तावेजमा भएका स्वच्छ सुनुवाइ सम्बन्धी व्यवस्थाहरु, राष्ट्रिय कानूनमा भएका व्यवस्थाहरु, न्यायिक दृष्टिकोण र सो सम्बन्धी अदालतबाट भएका व्याख्या र प्रतिपादन भएका सिद्धान्तहरु तथा सरकारवादी मुद्दाको अनुसन्धान, अभियोजन र न्याय सम्पादनमा स्वच्छ सुनुवाइका सिद्धान्तहरुको अवलम्बन गर्न सरकारी वकिलले पूरा गर्नुपर्ने जिम्मेवारी समेतका विषयहरु समावेश गरी प्रस्तुत स्वच्छ सुनुवाइ सम्बन्धी स्रोत सामग्री तयार पारिएको छ । यसमा समावेश भएका विषयहरुले फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन कार्यमा संलग्न रहने जनशक्तिलाई कार्य सम्पादनमा स्वच्छ सुनुवाइका मान्यतालाई अवलम्बन गर्न सहज हुने विश्वास लिएको छु ।


प्रस्तुत स्रोत सामग्री तयार गर्ने कार्यदलका अनुगमनकर्ता सहन्यायाधिवक्ता श्री **रेवतीराज त्रिपाठी**, संयोजक उपन्यायाधिवक्ता **श्री रामकुमार थापा** र सदस्यहरु राष्ट्रिय न्यायिक प्रतिष्ठानका उपनिर्देशक श्री **श्रीकृष्ण मुल्मी** र शाखा अधिकृत **श्री विना खड्का**लाई उहाँहरुको मेहनत र योगदानका लागि धन्यवाद दिन चाहन्छु । साथै उक्त कार्यमा यथोचित सहजीकरण गर्नु हुने सहन्यायाधिवक्ता **श्री श्यामकुमार भट्टराई**लाई पनि धन्यवाद दिन चाहन्छु ।


प्रस्तुत स्रोत पुस्तिका नेपालको अपराध अनुसन्धान, अभियोजन तथा न्याय निरुपण र फैसला कार्यान्वयनका प्रक्रियाहरुमा स्वच्छ सुनुवाइको हकको व्यावहारिक सुनिश्चिततातर्फ जोड दिने उद्देश्यले तयार भएको हुँदा उल्लेखित भूमिका र जिम्मेवारीमा रहनु हुने सरकारी वकील, अनुसन्धान अधिकृत, कानून व्यवसायी तथा न्याय सम्पादनमा संलग्न पदाधिकारीहरु लगायत यस विषयमा चासो राख्ने जोसुकैका लागि सहयोगी सामाग्री हुनेछ भन्ने अपेक्षा गरेको छु ।

२०७४ भाद्र

(बसन्तराम भण्डारी)
महान्यायाधिवक्ता


☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०११, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

## gkfnsf] ;Lwfgdf Gofo ;DjGwL xs

wf/f @)= Gofo ;DaGwL xs M

-!_ sg}klg JolQmnfO{kqmfp ePsf]sf/0f ;lxt sf];'rgf glbO{yg'fdf /flvg] 5}g .

-@_ kqmfpdf k/]sf JolQmnfO{kqmfp k/]sf] ;dobl]v g}cfkmn]/f]h]sf]sfg'g Joj;foL;Fu ;Nnfx lng kfpg] tyf sfg'g Joj;foLåf/f kk{f ug{xs xg'5 . To:tf]JolQmn]cf^gf]sfg'g Joj;foL;Fu u/]sf]k/fdz{/ lghn] lbPsf] ;Nnfx uf]o /xg]5 . t/ zq'b]zsf]gful/ssf]xsdf of]pkwf/f nfu"xg']5}g .

:ki6Ls/0f M o; pkwf/fsf]kbf]hgsf nflu æsfg'g Joj;foLÆ eGgfn] sg}c8\'f cbfntdf sg}JolQmsf]k|tlglwTj ug{sfg'gn]clwsf/ lbPsf] JolQm ;Demg'k5{.

-#_ kqmfp ul/Psf]JolQmnfO{kqmfp ePsf] ;do tyf :yfgaf6 af6f]sf]Dofb afx]s rf}aL; 306fleq d2f xg][clwsf/L ;dIf pkl:yt u/fpg'kg]5 / To:tf] clwsf/Laf6 cfb]z ePdf afx]s kqmfp ePsf]JolQmnfO{yg'fdf /flvg]5}g .

t/ lgjf/s gh/aGbdf /flvPsf JolQm / zq'b]zsf]gful/ssf]xsdf of] pkwf/f nfu"xg']5}g .

-$_ tTsfn k|rlnt sfg'gn] ;hfo gxg'] sg}sfd u/]afkt sg}JolQm ;hfoefuL xg']5}g / sg}klg JolQmnfO{s;'/ ubf{sf]cj:yfdf sfg'gdf tf]sPeGbf a9L ;hfo lbO{g]5}g .

-%_ sg}cleofu nfu]sf]JolQmnfO{lghn]u/]sf]s;'/ k|dfl0ft geP;Dd s;'/bf/ dflgg]5}g .

-^_ sg}klg JolQm lj?4 cbfntdf Ps}s;'/df Ps k6seGbf a9L d2f rnfO{g]/ ;hfo lbO{g]5}g .

-&_ sg}s;'/sf]cleofu nfu]sf]JolQmnfO{cf^gf]lj?4 ;fIfL xg' afWo kfl/g]5}g .

-*_ k[o]s JolQmnfO{lgh lj?4 ul/Psf]sf/afxLsf]hfgsf/L kfpg]xs xg']5 .

-(_ k[o]s JolQmnfO{:jtGq, lgikIf / ;Ifd cbfnt jf Goflos lgsfoaf6 :jR5 ;'g'jfO{sf]xs xg']5 .

-!)_ c;dy{kIfnfO{sfg'g adf]hd lgMzNs sfg'gL ;xfotf kfpg]xs xg']5 .

# ljifo ;"rL

## kl/R5]b–!

### :jR5 ;ç'jfO / ;/sf/L jsLnsf]eldsf


!=! kl/ro .......................................................................................1

!=@ dxfGofoflwjQmfsf]sfd, st{o / clwsf/ ....................................2

!=# pRr ;/sf/L jsLn sfof{nosf ;/sf/L jsLnsf]sfd, st{o / clwsf/ ..........................................................................5

!=$ laz]f ;/sf/L jsLn sfof{nosf ;/sf/L jsLnsf]sfd, st{o / clwsf/ ..........................................................................6

!=% lhNnf ;/sf/L jsLn sfof{nosf ;/sf/L jsLnsf]sfd, st{o / clwsf/ ..........................................................................6

!=^ dxfGofoflwjQmfsf]sfof{nosf]bf];f]k~r jiflL{o /Ofg]Lts of]hgfdf :jR5 ;ç'jfO ;DaGwL Joj:yf ..................................... 7


## kl/R5]b–@

### :jR5 ;ç'jfOsf]xs


@=! kl/ro ........................................................................................8

@=@ :jR5 ;ç'jfO;Fu ;DalGwt xsx? ..................................................9

@=@=! dgf]dfgL lu/ˆtf/L lj¿4sf]xs ...................................................9

@=@=@ kqmfp / cleof]uaf/] t'¿Gt hfgsf/L kfpg]clwsf/ ................. 12

@=@=# /f]h]sf]sfgg Joj ;foL;Fu k/fdz{ug{kfpg]clwsf/ ................. 14

@=@=$ oftgf lj?4sf]clwsf/ / dfgjLo Jojxf/ kfpg]clwsf/.........15

@=@=% cfkm"lj?4 cfkm};fIfL xg s/ nufpg gkfpg]clwsf/ ............23

@=@=^ GofofwLz jf d'2f xg]{clwsf/L ;dIf rf};L; 306fleq pkl:yt xg kfpg]clwsf/ ........................................................25

@=@=& lgbf{if tf cgdfgsf]clwsf/...................................................... 27

@=@=* k|t/Iffsf] tof/Lsf nflu kof{t ;do / ;ljwf k|Kt ug{clwsf/ .........................................................................29

Ǝ
@=@=( bf[efif] ;]jfsf] clwsf/ ........................................................ 30

@=@=!) ;lfd, :jtGq / lgiklf Gofoflws/0faf6 ;Ŋ'jf0 u/f0{kfpg]xs.................................................................33

@=@=!! ;fj{hlgs :jR5 ;Ŋ'jf0sf] clwsf/ ...................................... 35

@=@=!@ cfkm\"lj?4 ePsf] sf/jfxLsf] hfgsf/L kfpg] clwsf/ ............37

@=@=!# cbfnt L sfd sf/ jfxLdf ufkgLo tf sfod ug{clwsf/ .......... 38

@=@=!$ plr t ;doleq kk{fsf] clwsf/ ..........................................40

@=@=!% cfkm\}jf cfkm\"h]/fhsf] sfgŋ Jo j ;foLåf/f k|t/lffsf]xs...... 42

@=@=!^ lgMzNs sfgŋL ;xfotfsf]xs............................................... 49

@=@=!& u}sfgŋL tl/sfaf6 k|Kt ul/Psf] kdf0f kbfu ug{jGbh .......51

@=@=!* ;fIfL afhfpg]/ k/LIf0f ug{u/fpg] clwsf/ ..........................52

@=@=!( kZrftbzL{sfgŋx?af6 dlQm...............................................54

@=@=@) bfx/f]v t/fdf k|tjGwsf]l;4fGt ..........................................56

@=@=@! km\}nfsf] pknAwtf / kŋ/fjjbg÷kŋ/fjnfsgsf] clwsf/ ....... 58

@=@=@@ Gofosf] r/d b?kofu ePsf] cj:yfdf lflt kl"t{sf] clwsf/ .... 60


## kl/R5b–#


dxfGofoflwjQmfsf] sfof{nosf] cleofhg gLlt ....................................63

परिच्छेद–१

# स्वच्छ सुनुवाइ र सरकारी वकीलको भूमिका

## १.१ परिचय

न्याय व्यक्तिको अन्तिम उद्देश्य हो । राज्य शक्तिको प्रयोग प्रयोग गर्ने व्यक्ति वा निकायले स्वेच्छाचारी रूपमा नभई उचित रूपमा त्यसको प्रयोग गर्नुपर्दछ । अनुसन्धान गर्ने प्रहरी प्रशासन, अड्डा अदालतमा मुद्दाको सुनुवाइको क्रममा सामान्य नागरिक पनि राज्य समान रहन्छ । न्यायको रोहमा सबैको समान हैसियत, अवसर प्रदान गर्नुपर्दछ र संरक्षण गर्नुपर्दछ किनभने न्याय गरेर मात्र हुँदैन, गरेको जस्तो पनि देखिनु पर्दछ । स्वच्छ सुनुवाइ संविधानवादमा आधारित राज्य प्रणाली, न्यायिक सुशासनको प्रवर्द्धन र प्रत्याभूति, कानूनी राज्यको पालना, सम्मान र सुदृढीकरण आदिमा आधारित छ । न्याय वस्तुगत तथ्यमा आधारित हुनुपर्दछ । स्वच्छ सुनुवाइ वैयक्तिक स्वतन्त्रताको संरक्षण र अन्तर्राष्ट्रिय मापदण्डको पालना हुनुपर्ने दायित्वका आधारमा पनि अपरिहार्य र महत्वपूर्ण छ ।

स्वच्छ सुनुवाइ कानूनी राज्य र प्राकृतिक न्यायका सिद्धान्तको जगमा उभिएको छ । कानूनी पालनामा समानता, कानूनको सर्वोच्चता, कानूनको अस्तित्व र वैधता तथा स्वतन्त्र र सक्षम न्याय प्रणाली कानूनी राज्यका आधारभूत तत्वहरू हुन् । निष्पक्षता, सुनुवाइ र तर्कपूर्ण निर्णय प्राकृतिक न्यायका आधारभूत तत्वहरू हुन् । स्वच्छ सुनुवाइको सिद्धान्तलाई मूलतः फौजदारी कसूरमा मात्र सीमित गरिएको भए पनि देवानी कारवाहीमा समेत यसको उत्तिकै महत्व रहेको छ ।

यसर्थ स्वच्छ सुनुवाइ के भयो भन्ने भन्दा पनि कसरी भयो भन्ने कुराको अर्थ राख्दछ । यसले मूलतः प्रक्रियागत स्वच्छता, सुनुवाइको अवसर, प्रतिवादको अवसर, प्रतिनिधित्वको अवसर, जवरजस्ती विरुद्धको अवसर, प्राकृतिक न्यायको अवलम्बन तथा पालना, निष्पक्षता, इमानदारिता तथा पक्षपात तथा स्वार्थरहित व्यवहारसँग सरोकार राख्दछ । खासगरी कानूनको दृष्टिमा समानता, कानूनद्वारा समान उपचारको हक र न्यायमा समान पहुँचको अधिकार सुनिश्चित गर्नु नै स्वच्छ सुनुवाइको मूल ध्येय हो ।

स्वच्छ सुनुवाइ सुनिश्चितका लागि एउटा पक्ष मात्र होइन, संविधान, राष्ट्रिय ऐन कानून, अन्तर्राष्ट्रिय कानून, न्यायाधीश, अनुसन्धान अधिकृत तथा सरकारी वकील, अदालतका अधिकृत तथा कर्मचारीहरु, पीडित तथा साक्षीहरु, अन्य सरोकारवाला निकाय तथा व्यक्तिहरु महत्वपूर्ण भूमिका हुन सक्छ। तर सरकारी वकीलको भूमिकालाई लक्षित गर्न खोजेको छ।

संविधानले परिकल्पना गरेको कानुनी राज्यको अवधारणालाई साकार पार्ने उद्देश्यलाई व्यवहारमा उतार्ने कार्यका लागि स्थापित संवैधानिक संरचना भित्र महान्यायधिवक्ताको महत्वपूर्ण भूमिका रहेको हुन्छ । ती भूमिका पूरा गर्न महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका १८ उच्च सरकारी वकील कार्यालय, ७५ जिल्ला सरकारी वकील कार्यालयका साथै काठमाडौंमा विशेष सरकारी वकीलका कार्यालय रहेका र अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत अन्य निकायहरुमा समेत सरकारी वकीलहरुको दरवन्दी रही कार्यरत रहि आएको अवस्था छ । सबै तहका सरकारी वकीलहरुको कार्य सम्पादन गर्ने क्रममा स्वच्छ सुनुवाइ (Fair Trial) लाई अवलम्बन गरी निष्पक्षरुपमा फौजदारी न्याय प्रशासन सञ्चालन गर्नु आजको आवश्यकता र चुनौती दुवै हो।

## १.२ महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

स्वच्छ सुनुवाइको सन्दर्भमा नेपालको संविधान, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ तथा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा भएको व्यवस्था अनुरूप महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

१) संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने।

२) नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने।

३) संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने।

४) नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने।

५) नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय दिने ।

६) आफ्नो पदीय कर्तव्यको पालना गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुने ।

७) मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने ।

८) हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

९) महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने ।

१०) नेपाल सरकारलाई सरोकार पर्ने वा कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व भएको मुद्दामा सर्वोच्च अदालतमा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने ।

११) संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्ने ।

१२) अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त देखेमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई ध्यानाकर्षण गराउने ।

१३) प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

१४) नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान

सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने ।

१५) संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई आवश्यक समन्वय र निर्देशन दिने ।

१६) कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

१७) कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै सरकारी वकीललाई खटाउन सक्ने ।

१८) कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हक, हित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, मुद्दा दोहोर्याई पाउन निवेदन गर्न, पुनरावलोकनको निवेदन दिन कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्ने ।

१९) कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने ।

## १.३ उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार

- आफ्नो प्रादेशिक क्षेत्र भित्रका जिल्ला सरकारी वकील कार्यालयको काम कारबाहीको निरीक्षण एवं प्रशासनिक कार्य गर्ने,
- सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १४ आफ्नो प्रादेशिक अधिकार क्षेत्र भित्र रहेका उच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको तर्फबाट अभियोग पत्र, पुनरावेदन पत्र, निवेदन दायर गर्ने गराउने,
- उच्च अदालतमा दायर भएका सरकारवादी मुद्दा वा नेपाल सरकारको हक हितसँग सम्बन्धित मुद्दामा उच्च अदालत वा अन्य सरकारी अड्डामा उपस्थित भै वहस पैरवी र प्रतिरक्षा गर्ने गराउने,
- महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम सरकारवादी मुद्दा चलाउने नचलाउने निर्णय गर्ने,
- नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट सम्बन्धित अदालतमा उच्च अदालत, निवेदन दायर गर्ने गराउने,
- आफ्नो क्षेत्र भित्रका क्षेत्रीय वा अञ्चल स्तरका कुनै सरकारी कार्यालय वा सो कार्यालयका प्रमुख वा अन्य विभागीय प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय दिने,
- हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,
- हिरासतमा मानवोचित व्यवहार नभएको सम्बन्धमा छानबिन गरी निर्देशन दिएको विषयमा महान्यायाधिवक्ता समक्ष त्रैमासिक रूपमा प्रतिवेदन पेश गर्ने,
- उच्च अदालतबाट भएका फैसला उपर पनुरावेदन वा दोहोर्‍याई पाउन निवेदन गर्नु पर्ने भए वा अन्य निकासा लिनु पर्ने भए महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव पठाउने, पठाउन लगाउने ।

- आफ्नो क्षेत्र भित्रका क्षेत्रीय वा अञ्चल स्तरका कुनै सरकारी कार्यालय वा सो कार्यालयका प्रमुख वा अन्य विभागीय प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय दिने,

## १.४ विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार

नेपाल सरकारको मिति २०७०।०७।२५ को निर्णयानुसार स्थापना गरिएको विशेष सरकारी वकील कार्यालयले विशेष अदालत, उच्च अदालत, पाटन बाणिज्य इजलास, बैदेशिक रोजगार न्यायाधिकरण, प्रशासकीय अदालत र राजस्व न्यायाधिकरणमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व र प्रतिरक्षा गर्दछ । यो कार्यालयले बैङ्किक कसूर, सम्पत्ति शुद्धीकरण र बैदेशिक रोजगार मुद्दाको अभियोजन सम्बन्धी निर्णय गर्दछ ।

## १.५ जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार

- जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत रहेका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०५५ तथा अन्य कानूनहरूले निम्नानुसार व्यवस्था गरेको छ ।
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रका मुद्दामा अनुसन्धान तहकिकात पश्चात अनुसन्धान अधिकृतबाट प्राप्त मिसील अध्ययन गरी मुद्दा चल्ने-नचल्ने निर्णय गरी अधिकार क्षेत्र भएको अदालतमा अभियोग पत्र दायर गर्ने,
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्रका र प्रचलित कानून अनुसार नेपाल सरकारवादी हुने मुद्दामा वहस पैरवी गर्ने,
- नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भै वहस पैरवी गर्ने,
- जिल्ला स्थित कुनै सरकारी कार्यालय वा सो कार्यालयको प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा कानूनी राय दिने,
- मुद्दा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई कुनै निर्देशन दिनुपर्ने भए दिने ।

## १.६ महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चबर्षीय रणनीतिक योजनामा स्वच्छ सुनुवाइ सम्बन्धी व्यवस्था

योजनाको लक्ष्य १ मा सरकारवादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने विषय उल्लेख गरिएको छ सो अन्तर्गत देहायका रणनीतिहरु स्वच्छ सुनुवाइको अवधारणालाई व्यावहारिक रुपमा अवलम्वन गर्ने दिशामा निर्देशित छन ।

- स्वच्छ सुनुवाइका आधारभूत आवश्यकता अनुरुप सरकारी वकीलको भूमिका प्रभावकारी बनाउने,
- शंकितका आधारभूत अधिकारको संरक्षण गर्ने
- सरकारवादी मुद्दाको अनुसन्धानको बस्तुगत र प्रभावकारी बनाउन सरकारी वकीलको नेतृत्वदावी भूमिका स्थापित गर्ने,
- बस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने
- न्यायमा पहुँच अभिबृद्धि गर्ने पीडित र साक्षीको संरक्षण गर्ने

सरकारी वकीलहरुले फौजदारी न्याय प्रशासन संचालनको मुख्य मियो भै काम गर्नुपर्ने हुन्छ । यसै क्रममा संविधान कानून तथा नेपाल पक्ष भएका अन्तर ाष्ट्रिय सन्धि सम्झौताद्वारा स्वच्छ सुनुवाइ (fair trial) को सिद्धान्तको मर्म र भावनाको पालना पनि सँगसँगै गर्नुपर्ने हुन्छ। यी सिद्धान्तहरुको सारभूत रुपमा प्रयोग गर्ने र सो प्रयोग गर्दाको कार्यविधिमा एक रुपता भई कानूनी राज्यको अवधारणलाई मूर्त रुप दिनका साथै नेपाल न्याय सेवा सरकारी वकील समूहमा प्रवेश गर्ने सरकारी वकीलहरुलाई पनि फौजदारी न्याय प्रशासनलाई कसरी स्वच्छ र निष्पक्षसँग निर्वाह गर्न र सरकारी वकीलको काम कारवाहीसँग प्रत्यक्ष सरोकार राख्ने वा अन्य सरकारी वा गैर सरकारी निकाय एवं सर्वसाधारण नागरिकलाई पनि यो स्रोत पुस्तिका उत्तिकै कामयावी हुनेछ। यसबाट सरकारी वकीलको काम कारवाही पारदर्शी भई उत्तरदायीपूर्ण ढंङ्गबाट सम्पादन भई एकरुपताका साथ सम्पन्न हुने र मानव अधिकारको संरक्षण एवं सम्बर्द्धन भई कानूनी राज्यको आवधारणामा टेवा पुग्ने अपेक्षा लिइएको छ।

परिच्छेद-२

# स्वच्छ सुनुवाइको हक

## २.१ परिचय

स्वच्छ सुनुवाइको हक वास्तवमा सरकारवादी फौजदारी मुद्दामा अभियोग लागेपछि अनुसन्धान, अभियोजन र न्याय निरोपणको सन्दर्भमा अदालत वा न्यायिक निकायमा प्रस्तुत गरिने व्यक्तिको हकमा आकर्षित हुन्छ । खासगरी मुद्दाको एउटा पक्ष (वादी) को रुपमा राज्य नै रहेको हुन्छ जसको अनुसन्धानमा प्रहरी प्रशासन लागेको हुन्छ भने अभियोजनको लागि सरकारी वकील रहेको हुन्छ र अर्को पक्ष अभियुक्तले प्रतिरक्षा गर्नुपर्ने अवस्था रहन्छ । यस सन्दर्भमा राज्यले राज्य संचालन गर्ने क्रममा, व्यापक रुपमा राज्यका स्रोत तथा साधनको परिचालन गर्ने र पुलिस पावरको प्रयोग गर्ने भएकोले सामान्य अभियुक्तसँग तुलना गर्न मिल्दैन । सामान्य व्यक्तिको रूपमा रहेको अभियुक्त र राज्यको वीचमा सन्तुलनमा राज्यको स्रोत तथ साधन अधिक हुन्छ । तसर्थ राज्यबाट अभियुक्त विरुद्ध सजायका लागि कारवाही गर्ने भएकोले राज्यको अथाह शक्ति र साधनको दुरुपयोग पनि हुन सक्छ र सुनुवाइमा समान रुपमा अभियुक्तले आफ्नो अधिकारको कुरा राख्न नसक्ने अवस्था हुन सक्छ । त्यसलाई ध्यानमा राखी स्वच्छ सुनुवाइको रुपमा अभियुक्तको केही अधिकारहरु अन्तर्राष्ट्रिय मानवअधिकारको रुपमा नै व्यवस्था गर्ने गरिएको छ । अर्को कुरा राज्यको तर्फबाट गरिने कारवाही निष्पक्ष र स्वच्छ तरिकाले स्वतन्त्र निकायबाट हुनुपर्दछ भन्ने नै हो ।

स्वच्छ सुनुवाइको हक अन्तर्गत केही वस्तुगत मापदण्डहरु जस्तो पक्राउ गरी थुनामा राख्दा वा अनुसन्धानको क्रममा यातना विरुद्धको हक, मानवोचित व्यवहारको हक, समानताको हक, कानून व्यवसायीद्वारा प्रतिनिधित्वको हक र विशेष गरेर सवैलाई स्वच्छ सुनुवाइ सुनिश्चित गर्न अन्तर्राष्ट्रिय मापदण्डको परिपालना गरिनु पर्ने जस्ता कुराहरु पर्दछन । अभियोग लागेका व्यक्तिको हकमा प्रतिकूल परिस्थितिमा नपर्ने गरी आफ्नो भनाइ राख्ने उपयुक्त अवसर प्रदान गरिनु पर्छ भन्ने नै हो ।

यसमा प्रारम्भिक अनुसन्धान, अभियोजन र अदालती सुनुवाइदेखि फैसलासम्मको चरणमा आउने हक, नेपालको संविधानको धारा २० र नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ मा (यसपछि प्रतिज्ञापत्र भन्ने गरिएको) नै आधारित रहेको छ। उक्त प्रतिज्ञापत्रको धारा १४ लगायतले व्यवस्था गरेको छ। साथै अन्य देशको न्यायिक निकाय तथा नेपालको सर्वोच्च अदालतले प्रतिपादन गरेको न्यायिक सिद्धान्तहरू पनि यसमा समावेश गरिएको छ।

## २.२ स्वच्छ सुनुवाइसँग सम्बन्धित हकहरू

नेपालको संविधानको धारा २० मा सुनिश्चित गरिएको न्याय सम्बन्धी हक, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४ मा भएको व्यवस्था लगायत अन्य संवैधानिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र अदालतहरुबाट भएका निर्णय तथा प्रतिपादित भएका सिद्धान्तहरुबाट स्वच्छ सुनुवाइको हक तथा अधिकारको मान्यतालाई जोड दिएको हुनाले देहायमा उल्लेख गर्ने प्रयास गरिएको छ।

### २.२.१ मनोमानी गिरफ्तारी विरूद्धको हक

#### पृष्ठभूमि

पक्राउ गर्ने र थुनामा राख्ने विरूद्धको हक मानव अधिकारको आधारभूत र मौलिक अधिकार नै हो। जथाभावी पक्राउ गर्ने र थुनामा राख्ने अवस्था भएमा व्यक्तिगत स्वतन्त्रता लगायत सम्पूर्ण मानव अधिकारको अन्त्य हुने भएकोले मनोमानी गिरफ्तारी र थुना विरूद्धको हकलाई महत्वपूर्ण मौलिक हकको रूपमा लिइन्छ।

#### नेपालको संविधान

नेपालको संविधानको धारा १७ मा कानून वमोजम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गर्ने छैन भन्ने व्यवस्था गरेको छ। प्रत्येक नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, राजनीतिक दल एवं संघसंस्था खोल्ने, नेपालको कुनै पनि भूभागमा आवतजावत र बसोवास गर्ने, पेशा रोजगार गर्ने, उद्योग व्यापार तथा व्यवसाय स्थापना तथा संचालन गर्ने स्वतन्त्रता सुनिश्चित गरेको छ।

## अन्तर्राष्ट्रिय कानून

संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ९ ले कसैलाई पनि स्वेच्छाचारी रूपमा पक्राउ गरिने, थुनामा राखिने र देश निकाला गरिने छैन भन्ने व्यवस्था गरेको छ । त्यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९ ले प्रत्येक व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी रूपमा पक्राउ गर्न र थुनामा राख्न पाइने छैन । कानूनबाट निर्धारित आधारमा कार्यविधि वमोजिम बाहेक कसैलाई पनि वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने कुराको सुनिश्चित गरेको छ ।

## राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा १२ ले प्रचलित नेपाल कानूनबमोजिम बाहेक व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरण गरिने छैन भनी वैयक्तिक स्वतन्त्रताको कानूनी रुपमा सुनिश्चित गरेको छ ।

## नजीरहरु

यसरी संविधान एवं अन्तर्राष्ट्रिय कानूनहरूले समेत मनोमानी गिरफ्तारी गर्न नपाउने गरी व्यवस्था गरेको सम्बन्धमा नेपालको सर्वोच्च अदालतले पनि केही निर्णयहरू गरेको देखिन्छ। **रोहिनी प्रसाद देवकोटा विरूद्ध गृह मन्त्रालय** (ने.क.प. २०५७ पृष्ठ नं. ५८० नि.न. ६९२५) को मुद्दामा तपाईलाई त्यसै छाड्न सार्वजनिक शान्ति, सर्वसाधारण, जनताको र सुरक्षाको दृष्टिकोणबाट समेत उपयुक्त नदेखिँदा भन्नेसम्म थुनुवा पुर्जीमा उल्लेख गरेको, तर त्यस्तो सार्वजनिक शान्ति सर्वसाधरणको हित एवं सुरक्षामा खलल् पुर्यासउने के कस्तो आधार र कारण छ पूर्जीमा केही खुलाएको देखिदैन, न त त्यस्तो आदेशको सूचना नै सम्बन्धित निकायमा पठाएको पाइन्छ । संविधानको प्रस्तावना मै उल्लेखित कानूनी राज्यको अवधारणा, नागरिकको आधार भूत मानव अधिकार र त्यसमा पनि वैयाक्तिक स्वतन्त्रता जस्तो संवेदशील विषयमा उल्लेखित कानूनको पालना नगरी कुनै उपयुक्त वा ठोस आधार विना कसैको स्वतन्त्रताको अपहरण हुने गरी नजरवन्दमा राख्न नेपाल अधिराज्यको संविधानले पनि छुट तथा उन्मुक्ति दिएको पाँइदैन। त्यस्तो अवस्थामा कानूनको कार्यान्वयन गर्ने हरेक निकायले कानूनको कार्यान्वयन गर्दा कानूनको नै स्पष्ट रूपमा रोकेको कार्यविधि वाध्यात्मक रूपमा पालना गर्नुपर्ने भन्ने वोलेको पाइन्छ ।

**केशव भन्ने शेर बहादुरको हकमा माया पाठक विरुद्ध गृह मन्त्रालय समेत** (नेकाप, २०५३, नि.न. ६१८२ पृ. ३३४) तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउन पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने देखिन आउंछ। ... केवल अनुसन्धान गर्नका लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्ता कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिंदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानूनी बाध्यता देखिन आउँछ।

**प्रवन्ध निर्देशक झलकलाल श्रेष्ठको हकमा श्रीमती सविना श्रेष्ठ विरुद्ध विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत** (नेकाप २०६५ अङ्क १, निर्णय नं. ७९१२, पृष्ठ १९) भएको मुद्दामा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरणको विषयलाई न्यायिक परीक्षण बिना प्रयोगमा ल्याउन नहुने कुरालाई अन्यथा सोच्नु र अन्यथा व्याख्या गर्नु हाम्रो संवैधानिक व्यवस्था, गर्दै आएको अभ्यास, व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता र कानूनी राज्यको अवधारणा र त्यसको मूल्य मान्यता समेतको प्रतिकूल हुन जाने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधान अन्तर्गत धरौती वा जमानत दिन नसकेको वा नदिएको कारणबाट थुनामा राख्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (३) ले तोकेको समयाबधि (बाटाको म्याद वाहेक चौविस घण्टा) भित्र सम्बन्धित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र त्यस्तो अधिकारीको आदेश बमोजिम गर्नुपर्ने हुन्छ। यदि त्यसो नगर्ने हो भने त्यस्तो थुनाका सम्बन्धमा कहिल्यै पनि न्यायिक परीक्षण नहुने र अनन्तकालसम्म थुनामा नै रहनु पर्ने अवस्थाको सिर्जना हुन जान्छ, जुन विधिकर्ताको मनसाय हुनै सक्दैन र त्यस्तो स्वेच्छाचारितालाई संविधानले प्रश्रय दिएको पनि छैन। यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधानलाई निरपेक्ष रूपमा नभै संविधान, उक्त ऐनका अन्य प्रावधान र प्रचलित नेपाल कानून समेतको सापेक्षतामा हेर्नु पर्ने र सो प्रावधान अन्तर्गत धरौटी वा जमानत नदिएको कारणबाट थुनामा राख्नु पर्दा संविधानको धारा २४(३) को प्रक्रिया अवलम्वन गर्नुपर्ने उल्लेख गरेको छ। तीलु घले विरद्ध जिल्ला प्रहरी कार्यालय, हनुमानढोका भएको बन्दी प्रत्यक्षीकरणको रिटमा पनि मनोमानी गिरफ्तारी विरुद्धमा न्यायिक टिप्पणी भएको छ। (ने.का.प. २०५१ अंक ११ नि.नं. ५००७)

## २.२.२ पक्राउ र अभियोगबारे तुरुन्त जानकारी पाउने अधिकार

### पृष्ठभूमि

थुना वा पक्राउ पर्नुको कारणको जानकारी पाउनु थुना वा पक्राउमा पर्ने व्यक्तिको मानव अधिकार हो । व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित भएको व्यक्तिले स्वतन्त्रताबाट वञ्चित हुनुको वैधताबारे कानूनी उपचारको सुरूवात गर्ने अधिकार यहींबाट शुरूबात हुने भएको हुनाले यो अधिकार एकदम महत्वपूर्ण छ ।

### नेपालको संविधान

नेपालको संविधानको धारा २० ले कुनै व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन भनी पक्राउ भएको कारण जानकारी गराउनुपर्ने व्यवस्था सुनिश्चित गरेको छ ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा ९(२) मा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारण सहितको सूचना दिइने र निज विरूद्ध लगाइएको आरोपको जानकारी तुरून्त दिइने कुराको सुनिश्चित गरेको छ । यो कुरा स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य जुनसुकै अवस्थामा पनि कानून वमोजिम (In accordance with the law) मात्र हुनुपर्ने र स्वेच्छचारी (Arbitrary) हुन नहुने कुरासँग सरोकार राख्छ ।

### राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा १५(१) (क) ले कुनै व्यक्ति पक्राउ पर्ना साथ पक्राउको कारणसहितको जानकारी दिनुपर्ने व्यवस्था गरेको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १४(१) मा नेपाल सरकारवादी हुने फौजदारी अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नुपर्ने मनासिव कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना (पक्राउ पूर्जी) नदिई थुनामा राख्न हुँदैन भन्ने उल्लेख छ । सोही दफाको उपदफा ३ मा पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नुपर्ने कारण खोली सभाई आत्मसमर्पण गर्ने आदेश दिनुपर्ने र आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन बल प्रयोग गर्न सक्ने उल्लेख छ । महिलालाई पक्राउ गर्न परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्राउ गराउनु पर्ने पनि उल्लेख छ ।

मुलुकी ऐन, अदालती बन्दोवस्तको १२१ मा मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानूनको यो नम्बर वा यो दफा अनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिने व्यक्तिलाई कारण खोली पूर्जी नदिई थुनामा राख्न हुँदैन। सम्बन्धित पक्षको निवेदन नपरे पनि पुनरावेदन सुन्ने अड्डाले थुना गैरकानूनी वा बेरीत हो वा होईन भनी जाँचबुझ गर्न र गैर कानूनी वा बेरीत देखिएमा कानून बमोजिम उपयुक्त आदेश दिन सक्नेछ भन्ने व्यवस्था छ।

प्रहरी ऐन, २०१२ को दफा १५ (ङ) मा कानूनबमोजिम पक्रन पर्ने व्यक्तिहरूलाई र पक्रनु पर्ने पर्याप्त कारण भएका व्यक्तिलाई पक्रनु पर्ने। दफा १७ (१) प्रहरी कर्मचारीले विना वारेण्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफ्तार गर्न हुन्छः

क) कानूनले ३ बर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,

ख) फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी,

तर पक्राउ भएका व्यक्तिलाई बाटाको मनासिब माफिकको म्यादबाहेक २४ घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नुपर्छ।

बालबालिकाको हकमा बाल न्याय कार्यविधि, २०६३ को नियम ४ मा पक्राउ गर्दा सादा पोशाक लगाएर मात्र पक्राउ गर्नुपर्ने र नियम ७ मा पक्राउको जानकारी पक्राउ भएको व्यक्तिको अभिभावकलाई पनि दिनुपर्ने भन्ने व्यवस्था रहेको छ।

## नजीरहरु

सर्वोच्च अदालतले यस सम्बन्धमा केही फैसलाहरू गरेको छ। **लोप्साङ्ग शेर्पा समेत विरूद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत** (ने.का.प. २०६८, अंक ८, नि.नं ७६७२, पृष्ठ १४०३) को मुद्दामा सर्वोच्च अदालतले देहाय वमोजिम बोलेको पाइन्छ। वैयाक्तिक स्वतन्त्रताको अपहरण हुनु अति संवेदनशीलले विषय हो।यस्तो विषयमा अदालत गंभीर हुनुपर्दछ। कुनै पनि व्यक्तिलाई पक्राउ गरिसके पश्चात कुन कसूरमा पक्राउ गरिएको हो भन्ने जानकारी सहितको थुनवा पूर्जी दिनुपर्ने कानूनी राज्यको न्यूनतम मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुका कारणसहित सूचना पाउनुपर्ने हरेक व्यक्तिको मौलिक हक नै हो। नेपालको अन्तरिम संविधानको धारा २४ ले यसलाई व्यक्तिको मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ। केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७ कसूरमा कसूरदारलाई विना वारेन्ट पक्राउ गर्न सकिने व्यवस्था उक्त

ऐनको दफा घ मा भए पनि त्यसरी थुनामा राख्नुको कारण सहितको थुनुवा पूर्जी दिन नपर्ने भन्ने व्यवस्था उक्त ऐनमा भएको नदेखिदा कानून वमोजिमको थुनुवा पूर्जी अनिवार्य रूपमा दिनुपर्ने भनी बोलेको छ ।

त्यस्तै **प्रेम प्रसाद वि. न्यायाधीश, वाग्मती विशेष अदालत** (वन्दी प्रत्यक्षीकरण, रिट नं. ४८९, निर्णय मिति २०२६।०७।२२।०६) मुद्दामा तत्कालीन सर्वोच्च अदालतले के कस्तो भ्रष्टाचारको कसूरमा थुनिएको भन्ने कुरामा थुनुवाले प्रतिरक्षा गर्न कानूनी सल्लाहकारसँग सल्लाह लिन नसक्ने हुनाले यस्तो अस्पष्ट थुनुवा पुर्जीलाई संवैधानिक व्यवस्था अनुकुलको पूर्जी भयो भनी संज्ञा दिन नमिल्ने स्पष्ट देखिएको छ । तसर्थ थुनाबाट मुक्त गरि दिन भनी सर्वोच्च अदालतले रिट जारी गरेको देखिन्छ । **चित्रदेव जोशी विरुद्ध न्याय परिषद् सचिवालयसमेत**, ने.का.प.२०६९ अंक ७, नि.नं. ८८५७ स्वच्छ कारबाहीको सिद्धान्त (Doctrine of fair Trial) अन्तर्गत न्यायिक स्वच्छताका साथै प्रक्रियागत स्वच्छता (Procedural Fairness) पनि आवश्यक तत्व हुन्छ । अर्थात कानून बमोजिमको प्रक्रिया र कार्यविधि अवलम्बन गरेपछि मात्र प्रमाणको आधारमा कोही व्यक्ति दोषी हो होइन भनी निर्णय गर्न सकिन्छ । विभागीय कारबाहीमा पनि यो सिद्धान्त लागू हुने हुँदा यसको बेवास्ता वा उपेक्षा गर्न नमिल्ने ।

## २.२.३ रोजेको कानुन व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार

### पृष्ठभूमि

कुनै व्यक्ति थुनामा पर्नासाथ थुनाको वैधता जाँच्ने अधिकारको रुपमा कानुन व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार स्वच्छ सुनुवाइको सन्दर्भमा महत्वपूर्ण हक हो ।

### नेपालको संविधान

नेपालको संविधानको धारा २०(२) ले पनि पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने हकलाई सुनिश्चित गरेको छ । साथै कानुन व्यवसायीद्वारा नै पूर्पक्ष गराई पाउने हक सुनिश्चित गरेको छ । त्यस अतिरिक्त त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने कुरा समेत सुनिश्चित गरेको छ । तर यो हक शत्रु देशको नागरिकको हकको सन्दर्भमा लागू हुँदैन । साथै धारा २० (१०) ले असमर्थ पक्षलाई कानुन बमोजिम नि:शुल्क कानुनी सहायता पाउने हक समेत सुनिश्चित गरेको छ ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(३)मा आफू स्वयं वा आफूले रोजेको कानुन व्यवसायी मार्फत प्रतिरक्षा गर्ने, परामर्श लिने, कानुन सहायता नभएको अवस्थामा यस अधिकारको बारेमा जानकारी पाउने अधिकार समेत सुनिश्चित गरेको छ । प्रतिज्ञापत्रको धारा ३ (४) मा उल्लेख भएको अधिकार थुनामा रहेको व्यक्तिले अदालतबाट कारवाही थालनीको अधिकार र सो अदालतले विलम्ब नगरी निजको थुनाको वैधता सम्बन्धमा जाँच गर्न तथा थुना वा पक्राउ अवैध भएमा रिहाईको लागि आदेश गराउने हकसँग सम्बन्धित छ ।

### राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा १५ ले कुनै व्यक्ति पक्राउ पछि कानून व्यवसायीसँग परामर्श गर्न पाउने व्यवस्था सुनिश्चित गरेको छ। माथि उल्लेखित संवैधानिक व्यवस्था र प्रतिज्ञापत्रमा भएको व्यवस्था कार्यान्वयनको लागि नेपाल सहायता सम्बन्धी ऐन २०५४ रहेको छ । प्रस्तुत ऐनको दफा ३ ले वार्षिक चालीस हजार भन्दा कम आय भएको व्यक्तिले नि:शुल्क कानुनी सहायता प्राप्त गर्ने उल्लेख गरेको छ ।

### नजीरहरु

नेपालको सर्वोच्च अदालतले **यज्ञमूर्ति वन्जाडे वि. वाग्मती विशेष अदालत समेत** (ने.का.प.२०२७, नि.नं. ५४७, पृष्ठ नं १५७) मुद्दामा कानूनी सहायता पाउने अधिकारभित्र कुनै व्यक्तिले आफुले राखेको कानून व्यवसायीसँग सल्लाह लिन तथा निजद्वारा पुर्पक्ष गर्न पाउँछ भने अधिकारको बारेमा थाहा नभएको व्यक्तिलाई निजले त्यस्तो अधाकरको उपभोग गर्न पाउँछ भन्ने कुराको जानकारी पाउने अधिकार समेत पर्दछ भनी बोलेको छ ।

## २.२.४ यातना विरुद्धको अधिकार र मानवीय व्यवहार पाउने अधिकार

### पृष्ठभूमि

यातना विरुद्धको अधिकार र मानवीय व्यवहार पाउने अधिकार थुना वा पक्राउमा परेका वा नपरेका व्यक्तिको अधिकारसँग सम्वन्धित छ । यातना कुनै पनि वहाना वा आधार वा कारणबाट पुष्टि हुन नसक्ने व्यक्तिको निरपेक्ष अधिकार हो । शारीरिक तथा मानसिक यातना विरुद्धको त्यस्तो अधिकार हो जसको अपवाद नै हुन सक्दैन ।

## नेपालको संविधान

नेपालको संविधानको धारा २२ ले पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनी यातना दिने कार्यलाई दण्डनीय हुने व्यवस्था सुनिश्चित गरेको छ । यातना पीडित व्यक्तिलाई कानून वमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था पनि गरेको छ ।

## अन्तर्राष्ट्रिय कानून

संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५ ले कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने वा क्रुर अमानवीय वा अपमानजनक व्यवहार र सजाय नगरिने घोषणा गरेको छ । त्यस्तै यस व्यवस्थालाई आत्मसात गर्दै प्रतिज्ञापत्रको धारा ७ मा कसैलाई पनि यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार नगरिने वा सजायको भागीदार नवनाइने कुराको प्रत्याभुति गरेको छ । त्यस अतिरिक्त संयुक्त राष्ट्र संघले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४ नै पारित गरेको छ । यसले यातनाको परिभाषा लगायत यातना विरुद्ध राज्यको दायित्वबारे विस्तृत व्यवस्था गरेको पाइन्छ भने राष्ट्रिय संकट, राजनीतिक वा आर्थिक अस्थिरता वा विद्रोह जस्ता विषयलाई आधार दिएर कुनै पनि राज्य, निकाय वा पदाधिकारीले व्यक्तिमाथि यातना, क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्न नहुने सिद्धान्तलाई आत्मसात गरेको छ। विशेष गरी यस महासन्धिले यातना दिने व्यक्ति वा राष्ट्रिय कानुनले निर्धारण गरे अनुरुप सजाय गर्नुपर्ने व्यवस्था गरेको छ ।

त्यस्तै कानुन कार्यान्वयन गर्ने अधिकारका लागि आचारसंहिता, १९७९ को धारा ५, अभियोजनकर्ताको भुमिका सम्वन्धी मार्गदर्शन, १९९० को मार्गदर्शन १६ लगायतले कुनै पनि व्यक्तिलाई अपराधको अनुसन्धान, अभियोजन, न्यायिक कारवाही वा जुनसुकै अवस्थामा पनि शारीरिक यातना, क्रुर, अमानवीय वा अपमाजनक व्यवहार वा सजाय नहुने र त्यस्तो कार्य मानव अधिकार विरुद्धको कार्य मानिने व्यवस्था गरेको पाइन्छ ।

## राष्ट्रिय कानून

यसै व्यवस्थालाई कार्यान्वयन गर्न गराउन नेपालमा यातना सम्बन्धी 'क्षतिपूर्ति

ऐन, २०५४ जारी गरेको छ । उक्त ऐनको दफा २(क) ले यातना भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनुपर्दछ र सो शब्दले निजसँग गरिएको निर्मम अमानवीय वा अपमानजनक व्यवहार समेतलाई जनाउँछ भन्ने परिभाषा गरेको छ। अत: ऐनको दफा ३ मा अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन हुँदैन भन्ने व्यवस्था गरेको छ। तर त्यसरी यातना दिइएको ठहरिएमा जिल्ला अदालतले यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानुनवमोजिम विभागीय कारवाहीको लागि आदेश दिन सक्ने व्यवस्था छ र एक लाखसम्म क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था छ ।

## नजीरहरु

सर्वोच्च अदालतले **जयप्रसाद पौडल विरूद्ध मन्त्रिपरिषद सचिवालय समेत** (ने.का.प. २०६० अंक ५,६ पृष्ठ ४१९ नि.नं ७२२२) को मुद्दामा नेपालले अनुमोदन गरेको यातना तथा क्रुर अमाननीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि १९८४ को धारा १४(१) बमोजिम उचित र पर्याप्त क्षतिपूर्ति दिइने व्यवस्था गरेकोमा कति क्षतिपूर्ति उचित र पर्याप्त हो भन्ने कुरा मुद्दाको तथ्य र परिस्थिति वमोजिम हुन सक्ने भन्ने उल्लेख गरेको छ ।

यातना सम्बन्धी क्षतिपूर्ति ऐन,२०५४ लागू भई कार्यान्वयन भई रहेको हकमा सर्वोच्च अदालतले **राजेन्द्र घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** (ने.का.प २०६६ नि.नं. ८१०१) को निवेदनमा यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि १९८४ अनुकुलको कानून निर्माण भएको नदेखिएकोले सो महासन्धिको अक्षरस पालना र कार्यान्वयन प्रति नेपालको महासन्धि प्रतिको दायित्व भएको स्मरण गराउँदै नेपालको अन्तरिम संविधानको धारा २६ तथा ३२ (क) को प्रयोजनको लागि यातना दिने कार्यलाई अपराध घोषित गरी यातना पीडितलाई उचित क्षतिपूर्ति दिने कानून बनाउनु पर्ने नेपालको दायित्व भएको उल्लेख गरेको छ ।

**सीताराम अग्रवाल वि. मन्त्रिपरिषद सचिवालय समेत** (ने.का.प. २०६१, पृष्ठ नं ११५६, नि.नं ७४३३) को निवेदनमा कुनै फौजदारी कसूरमा पक्राउ परेको वा थुनामा परेको वा थुनामा रहेको व्यक्तिलाई समेत शरीरिक वा मानसिक यातना नदिइने प्रत्याभूति संविधानले गरेको अवस्थामा कुनै किसिमको फौजदारी

अभियोग नलागेको वा थुनामा नरहेको कुनै पनि व्यक्तिलाई कुनै किसिमको यातना वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने परिकल्पना गर्न नमिल्ने भनी उल्लेख गरेको छ ।

### सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन निर्देशिका, २०७३

**२१. शंकित व्यक्तिको पहिचानः** (१) अपराधमा संलग्न रहेको भनी नाम किटान गरी जाहेरी परेको वा सूचना प्राप्त भएकोमा प्रहरी कर्मचारीले त्यस्तो शंकित व्यक्ति भाग्न उम्कन नपाउने व्यवस्था मिलाउनु पर्नेछ । शंकित व्यक्ति हो भन्ने पर्याप्त र मनासिब आधार भएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानुन बमोजिम नियन्त्रणमा लिने कार्य गर्नु पर्नेछ ।

(२) अपराधको सूचना प्राप्त भएपछि शंकित व्यक्तिको नाम नखुलेकोमा प्रहरी कर्मचारीले शंकास्पद व्यक्तिहरूलाई भाग्न उम्कन नपाउने गरी आवश्यक निगरानीमा राख्नु पर्नेछ ।

(३) शंकित व्यक्तिको विवरण लिँदा वा पहिचान खुलाउँदा संभव भएसम्म निजको नाम, थर, ठेगाना खुल्ने गरी नागरिकता, फोटोसहितको मतदाता नामावलीको प्रतिलिपि वा शंकितको पहिचान हुने गरी नेपाल सरकारको कुनै कार्यालयबाट जारी भएका कागजात, प्रमाण, हुलियाका साथै बाबुको, बाजेको नाम, थर ठेगाना, फोन नं., ईमेल समेत संलग्न गर्नु पर्नेछ ।

**२२. शंकित व्यक्तिलाई पक्राउ गर्ने र हिरासतमा लिने व्यवस्थाः** अपराधको सूचनामा नाम किटान गरिएका वा अपराधको अनुसन्धानबाट त्यस्तो अपराधमा संलग्न रहेको भन्ने खुल्न आएका व्यक्तिलाई प्रहरी कर्मचारीले पक्राउ वा नियन्त्रणमा लिँदा वा हिरासतमा राख्दा देहाय बमोजिमका कुराहरूमा विचार पुऱ्याउनु पर्दछः

(क) अपराधको सूचनामा उल्लेख गरिएका तथ्य र संलग्न रहेका प्रमाण एवं अपराधको प्रारम्भिक अनुसन्धानबाट पक्राउ गर्न लागिएको व्यक्तिले सो अपराध गरेको हो वा अपराध गर्न, गराउनमा निजको संलग्नता छ भन्ने पर्याप्त र मनासिब आधार रहेको हुनुपर्ने,

(ख) शंकितलाई तत्काल पक्राउ गरी हिरासतमा नलिने हो भने निज भाग्न उम्कन सक्ने वा सबुद प्रमाण नष्ट वा परिवर्तन गर्न सक्ने वा साक्षी प्रमाणलाई आफ्नो अनुकूल दवाब, प्रभाबमा पार्न सक्ने संभावना रहेको देखिनुपर्ने,

(ग) शंकितलाई पक्राउ गर्नु पूर्व पक्राउ गर्नुपर्ने आधार कारण खुलेको कानुनी रीतपुर्वकको पक्राउ पूर्जी दिई भरपाई लिनुपर्ने,

(घ) शंकितलाई निजले रोजेको कानुन व्यवसायीसँग परामर्श लिन सक्ने जानकारी दिने र यसका लागि शंकितले रोजेको कानुन व्यवसायीसँग सम्पर्क र भेट गर्ने अवसर दिनुपर्ने,

(ङ) शंकितले निजको कानुन व्यवसायीसँग गरेको परामर्श वा कुराकानी प्रहरी कर्मचारी लगायत अरू कसैले सुन्न नसक्ने तर देख्न सकिने गरी सुरक्षाको प्रबन्ध गर्नुपर्ने,

(च) शंकितलाई हिरासतमा लिएपछि निजको परिवारलाई जानकारी दिने र निजको परिवारले भेट्न चाहेमा भेट्न दिने,

(छ) शंकितलाई पक्राउ गर्दा निजको शारीरिक, मानसिक, भावनात्मक तथा मर्यादामा चोट वा आँच नआउने गरी सभ्य तरिकाले पक्राउ गर्नुपर्ने,

(ज) शंकितलाई पक्राउ गरी हिरासतमा राख्नु अघि निजको शारीरिक तथा मानसिक अवस्थाको बारेमा अनिवार्य रूपमा नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा लगि जाँच गराई प्रतिवेदन लिनुपर्ने,

(झ) शंकितलाई पक्राउ गरी हिरासतमा राख्नु अघि हिरासत अभिलेख विवरण फारम भरी निजको साथमा रहेको नगदी, धनमाल जिम्मा लिई भरपाई दिनुपर्ने,

(ञ) शंकितलाई राखिने हिरासत कक्ष न्युनतम मानवीय आवश्यकता पूरा हुने खालको हुनु पर्दछ र हिरासतमा रहँदा निजलाई मानवीय व्यवहार गर्नुपर्ने,

(ट) हिरासतमा रहेका व्यक्तिले प्राप्त गर्ने मौलिक र कानुनी अधिकारको उल्लेख गरी हिरासत कक्षमा सबैले देख्ने गरी जानकारी बोर्ड राख्नुपर्ने,

(ठ) महिला, पुरुष, बालबालिका तथा तेस्रो लिङ्गीलाई फरक-फरक कक्षमा निजहरूको लैंगिक मर्यादा र सुविधा कायम हुने गरी राख्ने,

(ड) शंकित व्यक्तिलाई हिरासतमा नराखी पनि अनुसन्धान कार्य गर्न सकिने अवस्था भएमा हिरासतमा नलिने ।

**२३. पक्राउ गरिएको व्यक्तिलाई हिरासतमा राख्ने र म्याद थप सम्बन्धी व्यवस्थाः**
शंकित व्यक्तिलाई हिरासतमा राख्दा र म्याद थप माग्दा अनुसन्धान अधिकृतले निम्न कुरामा ध्यान दिनु पर्नेछः

(क) अपराधको गांभीर्यता र कसूरदारलाई हुन सक्ने सजायलाई विचार गरी हिरासतमा लिएको चौबीस घण्टा भित्र अनुसन्धानको कार्य पूरा गर्न प्रयास गर्ने,

(ख) शंकितलाई पक्राउ गरेको चौबीस घण्टा भित्र अनुसन्धानको कार्य पुरा हुन नसक्ने भएमा हिरासतमै राखी अनुसन्धान गर्नुपर्ने आधार र कारण खुलाई पक्राउ परेको मितिले बाटाको म्याद बाहेक चौबीस घण्टा भित्र म्याद थपको निवेदन साथ पक्राउ गरेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउने,

(ग) शंकित व्यक्तिलाई हिरासतमा राख्नु पर्ने औचित्य, कारण र कानुनी आधारका सम्बन्धमा निवेदन गर्दा मुद्दा हेर्ने अधिकारीका समक्ष बहस पैरवी र हिरासतमा राख्न म्याद थप माग गर्नका लागि अनुसन्धान अधिकृतले आवश्यकता अनुसार सम्बन्धित सरकारी वकीलसँग समन्वय र सहयोग लिने,

(घ) कुन अपराधको लागि शंकित व्यक्तिलाई कति दिन हिरासतमा राखी अनुसन्धान गर्न सकिने हो, हिरासतमा राख्ने र मुद्दा दर्ता गर्ने म्याद र हदम्यादका सम्बन्धमा अनुसन्धान अधिकृत जानकार रहनु पर्ने,

(ङ) मुद्दा हेर्ने अधिकारीबाट हिरासतमा राख्ने अनुमति प्राप्त भए बमोजिम शंकितलाई हिरासतमा राखी अनुसन्धानको कार्य अगाडि बढाउनु पर्ने,

(च) प्रचलित कानुन बमोजिम म्याद र हदम्याद बाँकी रहेको तर मुद्दा हेर्ने अधिकारीबाट म्याद थप भएको समयावधि भित्र अनुसन्धानको कार्य पूरा हुन नसकी पुनः म्याद थप माग गर्नुपर्ने भएमा आधार र कारण खोली आवश्यकता अनुसार सरकारी वकीलसँग समन्वय गरी पुनः म्याद थपको कारबाही अगाडि बढाउनु पर्ने,

(छ) अपाङ्गता भएका व्यक्तिका हकमा निजको शारीरिक र मानसिक अवस्था विचार गरी अपाङ्गमैत्री व्यवहार गर्ने ।

(ज) नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) को प्रयोजनको लागि महान्यायाधिवक्ता र निजबाट अधिकार प्रत्यायोजन गरिएका सरकारी वकीलले हिरासतको अनुगमन गर्ने छन् । हिरासत अनुगमनका सम्बन्धमा महान्यायाधिवक्ताबाट जारी गरिएको अनुसूची

बमोजिमको हिरासत अनुगमन सम्बन्धी निर्देशन, २०७३ पालना गर्नु गराउनु पर्नेछ ।

**२४. शंकितको बयान गराउने:** (१) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसुची १ मा उल्लिखित र प्रचलित कानुनले सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा समावेश भएको मानिने छ भनी उल्लेख भएका कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकील समक्ष सम्बन्धित शंकितको बयान लिनेछ ।

(२) सरकारी वकील समक्ष बयान गराउन ल्याउँदा अनुसन्धानबाट संकलन भएका प्रमाण कागजातहरू सहितको मिसिल साथै लिई अनुसन्धान अधिकृत आफै शंकित व्यक्तिको बयानको लागि उपस्थित हुनु पर्नेछ ।

(३) बयानको लागि उपस्थित गराइएको शंकितको बयान लिनु पूर्व त्यस्तो व्यक्ति शारीरिक वा मानसिक रूपमा बयान दिन सक्ने नसक्ने के छ ? सरकारी वकीलले सोधपुछ गरी बयान दिन सक्ने अवस्था भए मात्र बयान लिने कार्य शुरु गर्नु पर्नेछ ।

(४) बयान शुरु गर्नु पूर्व सरकारी वकीलले शंकितका अधिकारका सम्बन्धमा राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनद्वारा प्रत्याभूत गरिएका मानव अधिकार र स्वच्छ सुनुवाइका सिद्धान्तका बारेमा जानकारी गराउनु पर्दछ र त्यस्ता अधिकारको प्रयोग र पालना हुने कुराको प्रत्याभूत गराउनु पर्दछ ।

(५) बयानको लागि उपस्थित गराइएको शंकित नाबालक भए संरक्षकको रोहवरमा र नेपाली भाषा नबुझ्नेको हकमा दोभाषेको व्यवस्था गरी बयान लिनु पर्नेछ ।

(६) बयानको लागि उपस्थित गराइएका शंकितलाई कुनै डर त्रास, प्रलोभन वा अन्य कुनै अनुचित तरिकाबाट वा कुटपिट गरी बयान गर्न गराउनु हुँदैन । शान्त र सहज वातावरणमा शंकितले आफ्ना कुरा भन्न पाउने तरिकाले बयान लिने वातावरण तयार गरी सो अनुरूप बयान लिनु पर्दछ ।

(७) बयान लिँदा शंकित व्यक्ति लेखपढ गर्न जान्ने भएमा सवाल राखी सोको जवाफ स्वयं शंकितलाई लेख्न अभिप्रेरित गर्नु पर्दछ ।

(८) बयान गर्नु पूर्व कानुन व्यवसायीसँगको भेटघाट, परामर्श वा सल्लाह लिन पाउने शंकित व्यक्तिको संवैधानिक र कानुनी अधिकार भए पनि

बयानका बखत कानुन व्यवसायी रोहवरमा राखी बयान गर्नु गराउनु हुँदैन ।

(९) बयान गराउँदा तथ्यगत कुराहरूको सम्बन्धमा पहिले खुलाउन लगाउनु पर्दछ । त्यसरी बयान गराउँदा अपराधका सम्बन्धमा खुलाउनु पर्ने आवश्यक कुराहरूको छोटा छोटा सबाल राखी कुरा फोरी बयान लिपिबद्ध गर्नु पर्दछ ।

(१०) बयानमा शंकित व्यक्तिको नाम, थर, उमेर, वतन, तीन पुस्ते र सोलाई पुष्टि हुने शंकितको आधिकारिक प्रमाणको प्रतिलिपि र सम्भव भएसम्म अभियुक्तको फोटो समेत बयानमा टाँस गरी अभियुक्तको ल्याप्चे र सहिछाप गराउनु पर्दछ ।

(११) विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने मुद्दाहरूमा शंकितको परिचयात्मक विवरण गोप्य राख्नु पर्दछ ।

(१२) एक पटक बयान लेखबद्ध गरी सकेपछि मुद्दामा कुनै नयाँ तथ्य वा प्रमाण फेला परेमा वा अघि बयान गर्दा केही कुरा छुट हुन गएमा वा अन्य केही कारणले पुनः बयान गराउनु पर्ने अवस्था भएमा पहिला नखुलेका वा अपुग कुराहरू खुलाउन ततिम्बा बयान गराउनु पर्दछ । ततिम्बा बयान गराउँदा बयानको शीर व्यहोरामै यस अघि बयान भैसकेको तर थप कुरा बुझ्न आवश्यक परेको भन्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

(१३) बयान गराउँदा प्रचलित कानुनमा उल्लेख भए अनुसार बकपत्रको ढाँचामा लेखबद्ध गर्नु पर्दछ । तर बकपत्रमा जस्तो शुरुमा इमान धर्म सम्झी गरेको भन्ने व्यहोरा र अन्त्यमा तपाइँको बयानमा भन्न केही बाँकी छ कि ? भन्ने प्रश्न राख्नु आवश्यक हुँदैन ।

(१४) शंकित व्यक्ति अपाङ्गता भएको व्यक्ति भएमा निजको शारीरिक वा मानसिक अवस्थाको विचार गरी अपाङ्गमैत्री हुने गरी व्यवहार गर्नु पर्दछ ।

## २.२.५ आफू विरुद्ध आफै साक्षी हुन कर लगाउन नपाउने अधिकार

### पृष्ठभूमि

यो अधिकार कुनै कसूरको अभियोगमा थुना रहेको वा पक्राउ परेको व्यक्तिलाई आफू विरुद्ध आफै साक्षी हुन वाध्य गराउन नहुने अधिकार हो। यो विषय कुनै व्यक्तिले कसूर गरेको स्वीकार गर्ने कुरा उसको स्वेच्छाले गर्न पाउनु पर्दछ भन्ने विषयसँग सम्बन्धित छ । अपराध अनुसन्धानको सिलसिलामा राज्यका कुनै निकायहरुले अभियुक्तलाई कसूर स्वीकार गर्ने गरी यातना दिने वा निजको इच्छाविपरीत वयान गर्न दबाव दिने वा वाध्य पार्न हुदैन । वयान गराउँदा स्वेच्छाले गराउने, कुनै दवाव वा यातना नदिने र आफू विरूद्ध साक्षी हुन कर नलाग्ने विषय अभियुक्तको चुप लाग्ने अधिकार (Right To Remain Silence) सँग पनि सम्बन्धित छ । तसर्थ यस अधिकार अन्तर्गत चुप लाग्ने अधिकार र आफू विरूद्ध साक्षी हुन कर नलाग्ने अधिकार पर्दछ ।

### नेपालको संविधान

नेपालको संविधानको धारा २० (७) ले कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन भन्ने व्यवस्था गरिएको छ ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४ (३) (६) ले प्रत्येक व्यक्तिलाई निज विरुद्धको फौजदारी अभियोगको निर्धारणमा आफ्नो विरुद्धमा प्रमाण दिन वा कसूरमा सावित हुन वाध्य हुन नपर्ने अधिकारको प्रत्याभूति गरिएको छ । प्रतिज्ञापत्रमा चुप लागेर वस्न पाउने अधिकार सम्बन्धमा उल्लेख गरेको पाइदैन । तर अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९२ को धारा ५५ (१) (क) तथा (२) (ख) ले कुनै पनि व्यक्तिलाई अनुसन्धानको प्रक्रियामा दोषी सावित हुन वा कसूर स्वीकार गर्न वाध्य नपारिने र चुप वस्न पाउने अधिकारको व्यवस्था गरेको छ । त्यस सिद्धान्तले चुप लागेको कारणले मात्र निज विरुद्ध कसूर निर्धारण गर्न वा कसूरदार ठहराउन नमिल्ने सिद्धान्त समेत विकास भएको छ । सन् १९६६ मा अमेरिकी सर्वोच्च अदालतले Mirinda v. Arizona (384 U.S. 436) को मुद्दामा अभियुक्तलाई अनुसन्धानको अवधिमा आफूविरुद्ध लगाइएको अभियोग स्वीकार गर्न वाध्य नपारिने, बरु चुप लागेर बस्न पाउने अधिकार रहने र अभियुक्तले आफूले बोलेको कुनै कुरा आफू विरुद्ध प्रमाणमा लाग्न सक्ने र बोल्दै जाने क्रममा

बीचमा नबोली चुप लागी बस्न चाहेमा सो अधिकार रहेको भन्नेसमेत बारेमा अभियुक्तलाई अनुसन्धानको जानकारी गराउनुपर्ने भन्ने समेत उल्लेख गरेको छ।

## राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा ११(३) मा कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था छ।

## नजीरहरु

नेपालको सन्दर्भमा सर्वोच्च अदालतले विभिन्न मुद्दाहरुमा कुनै पनि अभियुक्तले आफू विरुद्ध साक्षी हुन कर नलाग्ने र चुपलाग्ने अधिकारको सम्बन्धमा समेत व्याख्या गरेको पाइन्छ। **चन्द्र बहादुर नेपाली वि. मन्त्रिपरिषदको सचिवालय समेत** (स.अ. बुलिन २०५१, पूर्णाङ्क ५७, पृष्ठ १)को मुद्दामा अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थन वा विरुद्धमा प्रमाण लाग्न सक्छ। कुनै व्यक्ति केही नबोली चुप वस्दछ भने पनि उसलाई वोल्नै पर्ने भनी भन्न मिल्दैन ।उसले नवोलेको आधारमा मात्र उसलाई दोषी वनाईदैन भन्ने कुरा बोलेको पाईन्छ। त्यस्तै आफ्नो विरुद्ध आफै साक्षी हुन नपर्ने सवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले वाहेक आफ्नो विरुद्ध बोल्न वाध्य हुदैन ।अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने मात्र सो कुरा निजको समर्थन वा विरूद्धमा प्रमाण लाग्न सक्दछ।

कुनै व्यक्ति केही पनि नबोली चुप लागी बस्दछ भने पनि उसलाई वोल्नै पर्ने भनी भन्न मिल्दैन ।उसले नवोलेको कारणले मात्र दोषी सावित गर्न हुदैन भनी व्याख्या भएको छ । **अच्युत प्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत** (ने.का.प.२०६७,पृष्ठ १९८९, नि.नं ८५१७)को निवेदनमा सर्वोच्च अदालत अभियोग लागेको व्यक्ति र साक्षीले वकपत्र गर्ने विषयमा बोलेको पाइन्छ। सर्वोच्च अदालतले उक्त निवेदनमा कुनै पनि व्यक्तिले आफ्नै विरुद्ध नबोल्न सक्दछ ।आफ्नो विरुद्धको प्रमाण दिन कर छैन भन्ने मान्यतामा आधारित विषय र साक्षीले वकपत्र गर्ने विषय एउटै होइन ।साक्षीले बोल्ने कुरा आफै पक्ष वा विपक्षमा हुँदैन, उसले देखेको सत्यतथ्य अदालतमा आई भन्दा न्यायिक प्रक्रियामा सहज हुन्छ भन्ने तर्क दिएको छ।

**निलम पौडेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदले कार्यालय समेत** (ने.का.प.२०६७, नि.न ८४७३, पृष्ठ १६४१) को प्रमाणको भार प्रतिवादीमा रहने मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐनको दफा ९ को

व्यवस्था नेपालको अन्तरिम संविधानद्वारा प्रत्याभूत स्वच्छ सुनुवाइको हक र निर्दोषिताको अनुमानको हक सँग बाझियो भनी परेको निवेदनमा अभियुक्तले आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार त्याग waive नगरी त्यो अधिकार प्रयोग गरेमा अदालत वा अभियोजन पक्षले त्यसको उल्टो व्याख्या वा विपरीत अर्थ गरी अभियुक्तको सम्बन्धमा केही जवाफ नदिएकोले निर्दोष मान्न नमिल्ने हुनाले उल्टो नकारात्मक अर्थ गरी दोषी ठहर गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन गरेको छ। यसै सम्बन्धमा सर्वोच्च अदालतले देहाय बमोजिम बोलेको पाइन्छ।

- आफ्नो विरूद्ध आफै साक्षी हुन कर नलाग्ने अधिकार अभियुक्तले जुन सुकै वखत त्याग (Waive) गर्न सक्छ। यतिसम्म कि कुनै अभियुक्तले आफ्नो यो अधिकार अदालत समक्ष त्याग (waive) गरेको घोषणा गर्दछ भने उमाथि जिरह हुन सक्छ। आफ्नो विरूद्ध आफै साक्षी हुन कर नलाग्ने।
- अदालतमा मुद्दा दायर हुनु अगाडि अनुसन्धानको सिलसिलामा शंकित व्यक्तिको रूपमा रहँदा आफ्नो इच्छा अनुसारको अनुसन्धान अधिकारीले सोधेको जवाफ नदिई चुप लागी बस्न पनि सक्दछ। अनुसन्धान अधिकारीले वाध्य गरी वयान गराउन सक्छ।
- अदालतमा अभियोग पत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष पनि अभियुक्तले आफु मौन रहने वा Guilty plea वा Not guilty plea लिने हक उपभोग गर्न सक्छ, उसलाई वाध्य गरी जवाफ लिन नसक्ने।

## २.२.६ न्यायाधीश वा मुद्दा हेर्ने अधिकारी समक्ष चौबीस घण्टाभित्र उपस्थित हुन पाउने अधिकार

### पृष्ठभूमि

कुनै पनि व्यक्तिलाई थुनामा राखी वा पक्राउ गरी स्वतन्त्रताबाट बञ्चित गर्न न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीको आदेशबाट मात्र गर्न सकिन्छ। तसर्थ पक्राउ गरिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेश विना लामो समयसम्म थुनामा राख्न हुँदैन।

### नेपालको संविधान

नेपालको संविधानको धारा २०(३) ले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय र स्थानबाट बाटोको म्याद वाहेक चौविस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएको

बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन भनी व्यक्तिको स्वतन्त्रताको अधिकार सुनिश्चित गरेको छ ।

## अन्तर्राष्ट्रिय कानून

यसै सम्वन्धमा प्रतिज्ञापत्रको धारा ९ (३) मा कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक शक्तिको प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरुन्त उपस्थित गराइनेछ, त्यस्तो व्यक्तिलाई मनासिव माफीकको समयभित्र सुनुवाइ गरी पाउने वा छुटकारा पाउने अधिकार हुनेछ । सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई भन्नु सामान्य नियम हुने छैन । तर निजको रिहाई भने न्यायिक कारवाहीको अन्य कुनै पनि चरणको सुनुवाइका क्रममा उपस्थित हुने, जमानत र अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गर्नको लागि जमानत धरौटीको अधीनमा रहन सक्नेछ भन्ने व्यवस्था गरेको छ ।

## राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा १५(२) ले कुनै व्यक्ति पक्राउ पछि २४ घण्टामा अदालतमा उपस्थित गराउन पर्ने व्यवस्था सुनिश्चित गरेको छ । यसै सम्वन्धमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१५ को दफा १५ मा अदालतको अनुमति नलिई कुनै पनि व्यक्तिलाई २४ घण्टा भन्दा वढी थुनामा राख्न हुँदैन भन्ने व्यवस्था गरिएको छ। उक्त ऐनको दफा १५(२) मा सरकारी मुद्दा सम्वन्धी ऐनको अनुसूची १ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको वा थुनामा राखिएको व्यक्तिको सम्वन्धमा २४ घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थिति गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्दछ। सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरका अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी गर्नुपर्ने कारण र निजको वयान कागज भइसकेको भए वयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। त्यसरी पक्राउ गरिएको शंकित व्यक्तिलाई अनुसन्धानका लागि हिरासतमा राख्न म्याद थप गर्दा आवश्यकताअनुसार सरकारी वकीलबाट अदालतमा प्रतिनिधित्व गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने व्यवस्था महान्यायाधिवक्ताबाट सरकारी वकीलहरुलाई जारी गरिएको निर्देशन, २०७३ मा उल्लेख छ ।

### नजीरहरु

**अम्बर गुरुङ्ग त्रि.वि. वि. सुरक्षा प्रहरी गार्ड कार्यालय गौचरण समेत** (ने.का.प. २०४९, पृष्ठ ३१, नि.नं. ४४५०) को मुद्दामा प्रहरीद्वारा गिरफ्तार गरी २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई थुनामा राख्ने कार्यलाई संविधान तथा कानुन सम्मत मान्न नमिल्ने भनी सर्वोच्च अदालतले वोलेको पाइन्छ। त्यस्तै **पुण्य प्रसाद काफ्ले विरुद्ध म्याग्दी जिल्ला अदालत** (स.अ. वुलेटिन २०५३, पूर्णाङ्क ९४, पृष्ठ ५) मा सर्वोच्च अदालतले कुनै पनि व्यक्तिलाई यस अभियोगमा यस कानुनको आधारमा पुर्पक्षको लागि थुनामा राख्नु भन्ने अधिकार प्राप्त निकायबाट स्पष्ट र किटानी आदेश वेगर थुनामा राख्न कानुन संगत नहुने कुरा वोलेको छ।

त्यस्तै **युवराज चौलागाईंको हकमा सीतादेवी चौलागाइ विरुद्ध गृह मन्त्रालय समेत** (स.अ. वुलेटिन २०६१, पूर्णाङ्क ३०५, पृष्ठ २४) को मुद्दामा सर्वोच्च अदालतले निवेदकले कसूर गरेको हो भन्ने सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ वमोजिम थुनामा राखेर नै अनुसन्धान गर्ने संविधानको धारा १४(६) को व्यवस्था वमोजिम पक्राउ गरेको मितिले २४ घण्टाभित्र निवेदकलाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी मुद्दा हेर्ने अधिकारीको आदेशनुसार मात्र थुनामा राख्नु पर्नेमा अपराध घटी सकेपछि पनि मुद्दा हेर्ने अधिकारी समक्ष पेश नगरी विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशको दफा ९ वमोजिम नजरवन्दमा राखेको गैरकानुनी हुने भनी बोलेको पाइन्छ।

## २.२.७ निर्दोषिता अनुमानको अधिकार

### पृष्ठभूमि

फौजदारी कसूरको आशंकामा पक्राउ परी अभियोग लागेको कुनै पनि व्यक्ति अदालतबाट अन्तिम दोषी ठहर नभएसम्म निर्दोष मान्नुपर्ने फौजदारी न्यायको सिद्धान्त हो। कुनैपनि व्यक्तिलाई शंकाको भरमा पक्राउ गर्ने, सोधपुछ गर्ने, बयान गराउने र अभियोग लगाउने प्रक्रियाहरु अवलम्वन गरिँदा पक्राउ परेको व्यक्ति दोषी हो भन्ने कुराको ठहर अनुसन्धान गर्ने निकायले गर्न मिल्दैन। पक्राउ परेको वा हिरासतमा रहेको व्यक्तिको जीवन, स्वतन्त्र र प्रतिष्ठानमा आघात पर्ने गरी निजलाई निष्पक्ष सुनुवाइको अवसर समेत उपलब्ध नगराई एकैचोटी दोषी वा अपराधी भनी घोषणा गर्न, प्रचार प्रसार गर्न गराउन हुँदैन।

## नेपालको संविधान

नेपालको संविधानको धारा २०(५) मा कुनै अभियोगमा लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन भनी शंकित आधारमा मात्र दोषी भन्न वा सो अनुसार व्यवहार गर्न नहुने व्यवस्था गरेको पाईन्छ । तसर्थ शंकाको सुविधा अभियुक्तले पाउने भन्ने सिद्धान्तबाट व्यवहार गर्नुपर्ने उल्लेख गरेको छ ।

## अन्तर्राष्ट्रिय कानून

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ११ (१) ले दण्डनीय कसूरको आरोप लागेको प्रत्येक व्यक्तिलाई उसको प्रतिक्षाको आवश्यक सवै प्रत्याभूति सहितको कानून अनुसारको खुल्ला पूर्पक्षबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ भनी अधिकारको प्रत्याभूत गरेको छ भनी अभियोग लागेको प्रत्येक व्यक्तिलाई कानून अनुसार दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार हुने व्यवस्था गरेको छ । अभियुक्त कसूर प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्ने निर्दोषिताको अनुमानको सिद्धान्तको उल्लंघन समय समयमा विभिन्न अधिकारी तथा निकायहरुबाट हुने गरेको उदाहरणहरु पाईन्छ । Gridin V  Russian Federation को मुद्दामा[1] कानून कार्यान्वयन गर्ने उच्चस्तरको अधिकारीले अभियुक्तको कसूर ठहर हुनुभन्दा पहिले नै निजलाई बलात्कार तथा हत्याको अपराध मानी सार्वजनिक रुपमा संचार माध्यमबाट प्रचार प्रसार गरेको कार्य प्रतिज्ञापत्रको धारा १४(२) को उल्लंघन हो भनेको थियो ।

## नजीरहरु

**रविन्द्र भट्टराई वि. मन्त्रिपरिषद्को सचिवालय** (ने. का. प. २०५५ नि. नं. ६६२२, पृष्ठ ६१६) को मुद्दामा कुनै व्यक्तिको अभियोग प्रमाणित नभएसम्म निज बेकसूर मानिनेछ भन्ने फौजदारी न्यायको मूलभूत मान्यता रही आएको सन्दर्भमा अभियोग लाग्नासाथ कसूरदार मान्नु न्यायसँगत नहुने भन्ने सिद्धान्त प्रतिपादन गरेको छ ।

**निलम पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** (ने.का.प २०६७ नि.नं ८४७३, पृष्ठ १६४१) को प्रमाणको भार प्रतिवादीमा रहने मानव वेचविखन

1 Communication No. 770/1997 (Views adopted on jily 2000) UN doc>GAOR, A/55/40 (Vol>11), p.176, para 8.3

तथा ओसारपसार नियन्त्रण सम्बन्धी ऐन २०६४ को दफा ९ को व्यवस्था नेपालको अन्तरिम संविधानद्वारा प्रत्याभूत स्वच्छ सुनुवाइको हक. र निर्दोषिताको अनुमानको हकसँग बाझियो भनी परेको रिट निवेदनकमा सर्वोच्च अदालतले ऐन वमोजिम अदालतले दोषी नगरून्जेलसम्म अभियोग लागेको व्यक्तिको हैसियत अभियुक्त नै रही रहने हुँदा अभियोग लागेको व्यक्ति निर्दोष नै मानिन्छ। अभियोग लागेमा दोषी मान्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन गरेको छ।

## २.२.८ प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय र सुविधा प्राप्त गर्ने अधिकार

### पृष्ठभूमि

कुनै पनि अभियोग लागेको व्यक्तिले आफ्नो हकमा प्रतिरक्षा गर्ने अधिकार राख्दछ। प्रतिरक्षाको अधिकार अन्तर्गत आफू उपरको आरोपको कानुन बमोजिम खण्डन गर्ने र प्रतिकार गर्ने अधिकार पर्दछ । प्रतिरक्षाको अधिकार कानुन व्यवसायीसँग परामर्श लिन पाउने अधिकारसँग पनि सम्वन्धित छ । अभियोग लागेको व्यक्तिले अभियोगको खण्डन गर्न पाएन, कानुन व्यवसायीको प्रतिनिधित्व गराई उनको पक्षबाट प्रतिरक्षा गराइएन भने निष्पक्ष न्यायको उद्देश्य पूरा नहुन सक्छ र Equality of Arms को सिद्धान्तको परिपालना हुँदैन। तसर्थ प्रतिरक्षाको लागि समय र अवसर दिनु भनेको स्वच्छ सुनुवाइको प्रक्रिया हो र अन्तर्राष्ट्रिय मान्यता पनि हो।

### नेपालको संविधान

नेपालको संविधानको धारा २०(२) ले पक्राउ परेको समय देखि नै आफुले रोजेको कानुन व्यवसायीको परामर्श लिने र पुर्पक्ष गराउने हक हुनेछ भनी उल्लेख गरेको छ ।साथै कानून व्यवसायीसँग गरेको परामर्श गोप्य रहने व्यवस्था समेत गरेको छ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(३)(ख) ले प्रत्येक व्यक्तिलाई निज विरुद्ध फौजदारी अभियोगपत्रको निर्धारण गरी निजले आफ्नो प्रतिरक्षाको लागि पर्याप्त समय एवं सुविधा पाउने र आफूले रोजेको कानुन व्यवसायीसँग सरसल्लाह लिन पाउने अधिकार हुने व्यवस्था गरेको छ।

### नजीरहरु

**किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत** (निर्णय नं. ८३४५ ने.का.प २०६७ अङ्क ४) को मुद्दामा अभियुक्तलाई लागेको अभियोगको बारेमा उसले प्रतिरक्षालाई तयारीको लागि थुनामा रहेको अभियुक्तलाई पर्याप्त सहुलियत र समय प्रदान गरिदिनुपर्दछ भन्ने सिद्धान्त कायम गरेको छ। अभियोग लागेको व्यक्तिले मुद्दाको कार्वाहीमा आफै उपस्थित भै आफ्नो साक्षी प्रमाण अदालतसमक्ष प्रस्तुत गन पाउनुपर्छ र आफ्नो साक्षी बकाउन र आफ्नो विरुद्धका साक्षीको जिरह गर्न पाउने मौका पाउनुपर्दछ भन्ने समेत व्याख्या गरेको छ।

## २.२.९ दोभाषे सेवाको अधिकार

### पृष्ठभूमि

अदालतमा प्रयोग हुने भाषा बुझ्न र बोल्न नसक्ने स्थितिमा अभियुक्तले आफ्नो प्रतिरक्षा राम्रोसँग गर्न सक्दैन। यस्तो अवस्थामा अभियुक्तलाई निःशुल्क दोभाषेको सुविधा उपलब्ध गराउनु स्वच्छ सुनुवाइको प्रत्यभूतिको लागि आवश्यक हुन्छ।

### नेपालको संविधान

नेपालको संविधानमा दोभाषेको अधिकार प्रत्यक्ष व्यवस्था नभएको भए पनि आफू विरुद्ध भएको करवाहीको जानकारी पाउने हक सुरक्षित गरेको पाइन्छ। अदालतमा प्रयोग हुने भाषा बुझ्न र बोल्न नसक्ने व्यक्तिलाई अदालत, प्रहरी वा सरकारी वकीलले निज विरुद्ध कारवाही गरिएको कारवाहीको जानकारी उसले बुझ्ने भाषामा गर्नुपर्दछ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(३)(च) ले यदि अदालतमा प्रयोग नगरिने भाषा नबुझ्ने वा बोल्न नसक्ने भएमा हरेक व्यक्तिले निःशुल्क दोभाषेको सुविधा प्राप्त गर्नेछ भनी दोभाषेको अधिकार सुनिश्चित गरिएको छ।

### राष्ट्रिय कानून

नेपाल कानूनमा भाषा सम्बन्धी प्रश्न र दोभाषेको अधिकारको बारेमा खास व्यवस्था हुन सकेको छैन। नेपाली भाषा नजान्ने विदेशीको सुनुवाइ वा बयान बकपत्र गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ जारी गरी दोभाषेको सेवा

प्रदान गर्ने प्रचलन शुरु भई सकेको भए तापनि कानूनी रुपमा व्यवस्था हुन सकेको छैन ।

> **सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन निर्देशिका, २०७३**
>
> ३७. दोभाषेको प्रयोग: (१) पीडित तथा शंकित व्यक्तिले अनुसन्धान अधिकृतले सोधपुछ वा बयान लिँदा प्रयोग गरेको भाषा बुझ्न नसक्ने भएमा निजको माग बमोजिमको भाषाको ज्ञान भएको व्यक्तिलाई दोभाषेको रूपमा प्रयोग गर्नु पर्नेछ ।
>
> (२) उपदफा (१) बमोजिम दोभाषेको सहयोग लिएमा निजको नाम, थर, वतन, योग्यता र सम्पर्क गर्ने विवरण समेत खुलाई निजको सहिछाप प्रमाणित गरी राख्नु पर्नेछ ।

## नजीरहरु

किशोर भन्ने **रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत** (निर्णय नं. ८३४५ ने.का.प २०६७ अङ्क ४) को मुद्दामा अभियुक्त भाषा नबुझ्ने भए उसलाई भाषा बुझ्ने दोभाषे उपलब्ध गराई दिनुपर्छ र अभियोग लागेको अभियोगको बारेमा उसले बुझ्ने भाषामा तुरुन्त जानकारी गराउनुपर्दछ भन्ने सिद्धान्त कायम गरेको छ ।

**ओबुनमी माइकल ओजोर विरुद्ध नेपाल सरकार** (ने.का.प. २०७२, अंक ५ नि.नं. ९४००, पृष्ठ ८३८) को मुद्दामा विदेशी नागरिकका हकमा भाषागत कठिनाइका कारण हुन सक्ने कठिनाइले न्यायिक प्रक्रियालाई नै कमजोर गराउन सक्ने हुन्छ। ... यस्ता विदेशी नागरिकलाई पक्राउ गर्दा, अभियोजन गर्दा तथा निज विरूद्ध भएको जुनसुकै न्यायिक कारबाहीमा निजलाई सोधपुछ, निजको बयान तथा निजउपरको न्यायिक दायित्व बहन गराउन समेतका लागि निजले बुझ्न सक्ने दोभाषेसमेतको व्यवस्था गर्न अनुसन्धान निकाय, अभियोजन गर्ने निकाय एवम् यस अदालत र मातहतका सबै अदालतहरूमा प्रतिवादीले बुझ्न वा बोल्न सक्ने भाषा जान्ने व्यक्तिहरूको सूची तयार पारी आवश्यकता अनुसार सेवा लिने दोभाषेको सेवालाई नियमित बनाउन आवश्यक निर्देशिका सहितको व्यवस्था गर्नु र तत्कालको लागि कम्तीमा अंग्रेजी विषयमा स्नातक उत्तिर्ण गरेको दोभाषेसमेत नियुक्त गर्न आवश्यक प्रबन्ध गर्नु भनी प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय एवम्

यस अदालतका रजिस्ट्रारका नाउँमा निर्देशनसमेत जारी हुने भनी आदेश गरेको पाइन्छ ।

**नाइजेरियन नागरिक ओवुनमी माइकल ओजोर बि. प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार (नेकाप २०७२ महिना अंक ५ नि. नं. ९४००)** आफू विरूद्ध लागेको अभियोग, कसुरका बारेमा जानकारी उपलब्ध गराउनु राज्यको प्राथमिक दायित्व हुन आउने । विदेशी नागरिकका हकमा भाषागत कठिनाइका कारण हुन सक्ने कठिनाइले न्यायिक प्रक्रियालाई नै कमजोर गराउन सक्ने हुन्छ । न्यायिक प्रक्रियाभित्र ल्याउन यस्ता विदेशी नागरिकलाई पक्राउ गर्दा, अभियोजन गर्दा तथा निज विरूद्ध भएको जुनसुकै न्यायिक कारवाहीमा निजलाई सोधपुछ, निजको बयान तथा निजउपरको न्यायिक दायित्व वहन गराउनसमेतका लागि निजले बुझ्न सक्ने दोभाषेसमेतको व्यवस्था गर्न अनुसन्धान निकाय अभियोजनको निकाय एवम् यस अदालत र मातहतका सबै अदालतहरूमा यथासम्भव प्रतिवादीले बुझ्न वा बोल्न सक्ने भाषा जान्ने व्यक्तिहरूको सूची तयार पारी नियमित वा पटके जुनरूपमा व्यवस्था गर्न व्यावहारिक र सम्भव हुन्छ सोहीरूपमा आवश्यकताअनुसार सेवा लिने र सेवा उपलब्ध गराउने नीतिगत र कार्यगतरूपमा निश्चित व्यवस्था अविलम्ब गराउनु, भाषागत एवम् भाषा जान्ने व्यक्तिको सेवा लिनुपर्ने स्थानको क्षेत्रगत आधारमा दोभाषेहरूको सूची तयार गरी राख्ने व्यवस्था गर्नु, दोभाषेको सेवा लिने गर्दा त्यस्तो दोभाषे छनौट गर्ने, सेवा लिए बापतको शुल्क वा पारिश्रमिक दिने व्यवस्था, दोभाषेको जवाफदेहिताको अतिरिक्त दोभाषेको सेवालाई नियमित बनाउन आवश्यक निर्देशिकासहितको व्यवस्था गर्नु र तत्कालको लागि कम्तिमा अङ्ग्रेजी विषयमा स्नातक उत्तीर्ण गरेको दोभाषेसमेत नियुक्त गर्न जो चाहिने आवश्यक प्रबन्ध गर्नु भनी प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय एवम् यस अदालतका रजिस्ट्रारको नाउँमा निर्देशनसमेत जारी हुने ।

## २.२.१० सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट सुनुवाइ गराई पाउने हक

### पृष्ठभूमि

लोकतान्त्रिक मुलुकहरुमा कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाबीच शक्ति पृथ्थकीकरण तथा सन्तुलन र नियन्त्रणको सिद्धान्त अपनाएको हुन्छ । न्यायपालिकाले गर्ने कार्यमा कार्यपालिका र व्यवस्थापिकाले हस्तक्षेप गर्न मिल्दैन । न्यायिक स्वतन्त्रताको विपरीत हुन्छ। लोकतान्त्रिक मान्यता भनेको सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत तथा न्यायाधिकरणद्वारा सुनुवाइ पाउने व्यक्तिका हक भएकोले न्यायिक स्वतन्त्रतालाई महत्वका साथ हेरिन्छ ।

### नेपालको संविधान

संविधानको धारा २० को उपधारा ९ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भनिएको छ ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(१) मा व्यक्तिको विरुद्ध फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा कर्तव्यहरुको बारेमा निर्धारण गर्दा निजलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र एवं निष्पक्ष न्यायाधिकरणद्वारा स्वच्छ एवं सार्वजनिक सुनुवाइ गराई पाउने हक हुनेछ भनिएको छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा ४० मा “सबै न्यायाधीशहरु आफ्नो कार्य सम्पादनमा स्वतन्त्र हुनेछन्” भन्ने गरिएको व्यवस्थाका साथै “उनीहरुको न्यायिक कार्यमा हस्तक्षेप गर्ने सम्भावना भएको वा उनीहरुको स्वतन्त्रतामा रहेको विश्वासमा प्रतिकूल प्रभाव पार्ने त्यस्तो कुनै क्रियाकलापमा संलग्न रहने छैनन्” भन्ने व्यवस्था गरेको छ ।

### नजीरहरु

नेपालको सर्वोच्च अदालतले सुनुवाइको सन्दर्भमा समानताको सिद्धान्तको देहाय वमोजिम व्याख्या गरेको छ ।

**शान्ता थापा वि. श्री ५ को सरकार** (ने.का.प. २०४८ पृष्ठ २७०, नि.न. ४३०५) को मुद्दामा एउटै अपराधमा संलग्न दुई प्रतिवादीहरुलाई निर्धारण गरिएको सजायको बीचमा ठूलो अन्तर रहनु न्यायसंगत देखिदैन भन्ने बोलेको छ ।

**बाबुराम रेग्मी समेत वि. कानून तथा न्याय मन्त्रालय** (ने.का.प.२०५६, पृष्ठ ५०४, नि.न. ६७४९) को मुद्दामा समानता निरपेक्ष हुन सम्भव छैन । कानूनले समानताको न्ययोचित वर्गीकरण गर्न सक्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) अन्तर्गत कुनै किसिमको वर्गीकरण गर्न नमिल्ने होइन । त्यस्तो वर्गीकरणबाट एक वर्गीकरणमा परेका मानिसहरु र अर्को वर्गीकरणका मानिसहरुको विचमा पृथकता हुन सक्तछ । केवल त्यो वर्गीकरण सम्झन, बुझ्न सकिने र औचित्यपूर्ण हुन्छ भनेको छ ।

**चन्द्रकान्त ज्ञवाली वि. मन्त्रिपरिषद् सचिवालय** (ने.का.प. २०५७, पृष्ठ ५०२, नि.न. ६९१४) को मुद्दामा अदालतको फैसला अन्तर्गत सजाय पाई कारगारमा रहेका कैदीहरु मध्ये शिक्षितलाई "क" श्रेणीमा र अशिक्षितलाई "ख" श्रेणीमा राख्नु सरसर्ती हेर्दा नै मनासिव देखिदैन । कसूरका आधारमा सजाय पाएका सबैले समान रुपमा त्यसलाई भोग्नुपर्ने हुन्छ । शिक्षित वा ठूलो औकातमा बस्ने वानी पर्दैमा त्यसले छूट वा सुविधा पाउने भन्ने हुँदैन । सबै नागरिक कानूनको दृष्टिका समान हुने कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने र राज्यले नागरिकहरुका विच धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने भन्ने जस्ता संवैधानिक व्यवस्थाहरु ... ठूलो औकात र सानो औकात भन्ने मात्रै आधारमा व्यक्तिहरु बीच भेदभाव गर्नु समतामुलक समाजको स्थापना गर्ने संविधानको भावनाको प्रतिकूल हुन जान्छ भनी बोलेको पाइन्छ ।

**चन्द्रकान्त ज्ञवाली वि. मन्त्रिपरिषद् सचिवालय** (ने.का.प. २०५९, पृष्ठ ४५०, नि.न. ७११०) को मुद्दामा कसूरको गम्भीरता अनुसार विभिन्न वर्गमा कसूरको विभाजन गरी अलग अलग तहको अदालतबाट त्यस्ता कसूरसँग सम्बन्धित मुद्दाको कारवाही र किनारा गराउने गरी गरिएको कानूनी व्यवस्थालाई वेमनासिव वा संविधान प्रदत्त समानताको हक प्रतिकूल मान्न नमिल्ने भनी सिद्धान्तकायम गरेको छ ।

**वुध्दराज तामाङ्ग वि. मन्त्रिपरिषद् सचिवालय समेत** (ने.का.प. २०४९, पृष्ठ ४३१, नि.न. ४५३०) को मुद्दामा मुद्दाको प्रकृतिको आधारबाट कैदी वा थुनुवाले प्राप्त गर्न सक्ने सुविधाबाट बञ्चित गरी असमान व्यवहार गर्न सक्ने अख्तियारी विपक्षीहरुलाई प्राप्त भए गरेको देखिन नआउँदा विपक्षीहरुको काम कारवाही न्यायसँगत भन्न नमिल्ने भन्ने वोलेको छ ।

सर्वोच्च अदालतले न्यायपालिका स्वतन्त्र र निष्पक्ष हुन पर्दछ भन्ने सन्दर्भमा **यज्ञमूर्ति वन्जाडे वि. वागमति विशेष अदालत** (ने.का.प २०२७ नि.नं ५४६ पृष्ठ १५७) को मुद्दामा कुनै पनि व्यक्ति आफ्नो मुद्दामा आफै न्यायाधीश हुन नसक्ने र सरकार पनि आफ्नो विषयमा आफै न्यायाधिश हुन नसक्ने भनी फैसला परी सिद्धान्त प्रतिपादन गरेको थियो ।

**किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत** (निर्णय नं. ८३४५ ने.का.प २०६७ अङ्क ४) को मुद्दामा स्वच्छ सुनुवाइको लागि मुद्दा हेर्ने अधिकारी वा अदालत कानूनद्वारा गठित हुनुपर्छ र मुद्दा हेर्ने अधिकारी Competent, Independent / Impartial हुनुपर्छ भन्ने जस्ता कुराहरु बोलेको पाइन्छ ।

**अधिवक्ता अम्बरबहादुर राउत विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय समेत** (नेकाप २०६८ अंक ७ निर्णय नं. ८६४२, पृ १०८३) मा कार्यपालिका अर्थात् सरकारको प्रशासकीय अधिकारीलाई न्यायिक स्वतन्त्रता, निष्पक्षता र नियन्त्रणका न्यूनतम् मापदण्ड बेगर नेपाल सरकार वादी भै चलाइने त्यस प्रकृतिका गम्भीर फौजदारी मुद्दा हेर्न पाउने गरी कानून मार्फत अधिकारक्षेत्र सुम्पिएबाट स्वच्छ र निष्पक्ष न्याय प्राप्त गर्ने नागरिकको मौलिक मानव अधिकारको प्रत्याभूति हुने अवस्था देखिएन भन्ने उल्लेख भएको छ ।

## २.२.११ सार्वजनिक स्वच्छ सुनुवाइको अधिकार

### पृष्ठभूमि

स्वच्छ सुनुवाइको हक सार्वजनिक रुपमा सबैको पहुँच हुने स्थानमा पारदर्शी तरिकाले मुद्दाको निरोपण गर्ने कुरा हो। न्यायको सुनिश्चितता भनेको विपक्षता र पारदर्शिता नै हो । तसर्थ सार्वजनिक स्वच्छ सुनुवाइको हक महत्वपूर्ण हकको रुपमा लिइन्छ। स्वच्छ सुनुवाइको थप अन्य शर्तहरू पूरा गरी सुनुवाइ सुनिश्चित गर्नु नै यस अधिकारको सुनिश्चितता हो ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(१) मा अभियुक्त विरुद्धको अभियोगमा कारवाही गर्दा अभियुक्तलाई स्वच्छ र सार्वजनिक सुनुवाइको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । खुला इजलासमा सुनुवाइ गर्ने कुरा स्वच्छ सुनुवाइको नियमको आधारमा लिइएको पाईन्छ । न्याय गरेर मात्र हुँदैन न्याय गरेजस्तो पनि देखिनु पर्छ भन्ने

फौजदारी न्यायको सिद्धान्तले पनि सार्वजनिक सुनुवाइलाई आवश्यक ठान्दछ। यसमा सार्वजनिक फैसलाको हक पनि हो।

यस धारामा उल्लेख भए झै अपवादजन्य परिस्थितिमा बाहेक मुद्दाको पुर्पक्ष र सुनुवाइ प्रेस लगायत अन्य सर्वसाधारणको लागि खुला हुनुपर्छ। संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले धारा १४ को सामान्य टिप्पणी गर्दै पुर्पक्ष र सुनुवाइ सार्वजनिक नगरिए पनि निर्णय भने केही स्पष्टत: उल्लेखित अपवादजन्य अवस्थामा बाहेक सार्वजनिक गरिनु पर्छ भन्ने व्याख्या छ।

संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले जि.ए.भान मायर्सको मुद्दामा सार्वजनिक सुनुवाइ गर्नुपर्ने दायित्व राज्य पक्षको हो भन्ने बोलेको छ। सम्बन्धित पक्षले अनुरोध गर्ने वा नगर्ने कुरामा निर्भर रहदैन। देशको कानून र न्यायिक परिपाटीअनुसार सर्वसाधारणले इच्छा गरेमा मुद्दाको सुनुवाइमा उपस्थित हुन सक्ने सम्भावना खोलिनु पर्छ भनिएको छ। उक्त मुद्दामा देहायबमोजिम बोलेको पाइन्छ।

"अदालतहरुले मौखिक सुनुवाइको समय र स्थान सर्वसाधारणलाई उपलब्ध गराउनु पर्छ र मुद्दामा रहेको सार्वजनिक चासो, मौखिक सुनुवाइको अवधि तथा सुनुवाइ सार्वजनिक गर्न अनुरोध गरिएको समयसमेतलाई ख्याल गर्दै, निश्चित सीमाभित्र रही सो मुद्दामा चाख राख्ने सर्वसाधारणहरुलाई सुनुवाइमा उपस्थित हुन सक्ने व्यवस्था गर्नुपर्छ। यदि चासो राख्ने सर्वसाधारणलाई सुनुवाइमा उपस्थित हुनबाट यथार्थमा रोक लगाइएको छैन भने सबै व्यक्तिहरु अटाउने ठूला इजलासहरु उपलब्ध नगराएको भन्ने मात्र कुरा सार्वजनिक सुनुवाइको हकको वर्खिलाप हुदैन"।

## राष्ट्रिय कानून

यस सम्बन्धमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ६ नं. ले अड्डाले मुद्दाको कारवाही र फैसला गर्दा खुला इजलासमा गर्नुपर्छ भन्ने उल्लेख गरेको छ। यो व्यवस्था निष्पक्ष न्यायको दृष्टिकोणले महत्वपर्ण छ। खुला इजलास भन्नाले तोकिएको दिनको लागि साप्ताहिक तथा दैनिक पेशी तोकी दुवै पक्षको कानून व्यवसायी उपस्थित गराई दुवै पक्षको बहस सुनी छलफल गराई अन्य चासो राख्ने मुद्दाका सरोकार नभएका व्यक्तिहरुको समेत पहुँच सुनिश्चित गरी गरिने सुनुवाइ हो। बालबालिकाको हकमा बाल न्याय कार्यविधि, २०६३ को नियम १२ ले मुद्दाको सुनुवाइ बाल मैत्रि वातावरणमा गर्ने विषय उल्लेख गरेको छ।

### नजीरहरु

स्वच्छ सुनुवाइ र कारण सहितको निर्णय न्यायका आधारभूत मान्यता हुन् र यही मान्यताका आधारमा अहरणीय रहेको स्वच्छ सुनुवाइंको विषयलाई संविधान र कानूनले समेत कटौटी गर्न नमिल्ने । जघन्य र अमानवीय प्रकृतिको कसूर गरेको अभियोग लागेका अभियुक्तलाई पनि सुनुवाइको मौका प्रदान गरी आधार कारणको निर्णयबाट दोषि ठहर गर्नु पर्ने । न्यायिक प्रकृया भन्नासाथ स्वच्छ सुनुवाइको अवसर र कारणसहितको निर्णय अनिवार्य रूपमा अगाडि आउँछन् भनी बोलेको थियो । (नेकाप २०६६ अंक ७ नि.नं ८१८३ पृ. १०६३)

## २.२.१२ आफू विरुद्ध भएको कारवाहीको जानकारी पाउने अधिकार

### पृष्ठभूमि

आफू विरुद्ध भएको कारवाहीको जानकारी पाउने हक प्रतिरक्षा गर्नको लागि पनि आवश्यक हुन्छ । आफू विरुद्धको अभियोग, आरोप र सजायको मागदावी थाहा नै नदिई सुनुवाइ गर्नु स्वेच्छाचारी हुन्छ । तसर्थ त्यस्तो जानकारी दिनु राज्यको दायित्व पनि हो ।

### नेपालको संविधान

धारा २० को उपधारा ८ मा निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने अधिकार हक हुनेछ भन्ने व्यवस्था गरेको छ । साथै धारा २५ को सूचनाको हक अन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउन हक हुनेछ भन्ने व्यवस्थाले अझ आफूविरुद्ध कारवाहीको जानकारी पाउने अधिकार थप महत्व दिएको देखिन्छ ।

### अन्तर्राष्ट्रिय कानून

नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४(३) क ले आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणले आफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रुपमा जानकारी पाउने अधिकार हुनेछ भनी व्यवस्था गरेको छ ।

### नजीरहरु

**किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत** (निर्णय नं. ८३४५ ने.का.प २०६७ अङ्क ४) को मुद्दामा अदालत आफूले आदेश गरी

पुर्पक्षका लागि अन्य कारागारमा पठाउने तर आफ्नै आदेशले थुनामा रहेको थुनुवालाई पेसीको जानकारी नदिने यो कार्य Fair Trial को मान्य सिद्धान्त विपरीत हुने । फौजदारी अपराधको आरोप लागेको व्यक्तिलाई निजको विरुद्ध भएको प्रत्येक कानूनी कारवाहीको जानकारी पाउने हक हुने । थुनामा रहेको व्यक्तिले मुद्दामा पूर्पक्षका सिलसिलामा अदालती कारवाही हुने दिन वा मुद्दा पेसी भएको जानकारी पाउनु पर्ने  भन्ने लगायतका स्वच्छ सुनुवाइको अधिकार सम्वन्धी व्यवस्थाको विस्तृत उल्लेख गरको छ ।

## २.२.१३ अदालती काम कारवाहीमा गोपनीयता कायम गर्ने अधिकार

### पृष्ठभूमि

खुला र सार्वजनिक सुनुवाइको अर्थ अदालतका कारवाहीहरु सबै र सधैँ खुला हुनुपर्छ भन्ने पनि होइन । न्याय पहुँच एवं न्यायकै हिसावले केही मुद्दाहरुमा गोपनीयता कायम गर्नुपर्ने र बन्द इजलासबाट अनुसन्धान, अभियोजनमा गोपनीयता कायम गरी सुनुवाइ गर्नुपर्ने आवश्यक हुन्छ । तसर्थ केही मुद्दाहरुको सुनुवाइ गर्दा बन्द इजलासबाट सुनुवाइ गर्नुपर्दछ भन्ने व्यवस्था केही ऐन लगायत अदालतका नियमावलीहरुले गरेको पाइन्छ ।

### नेपालको संविधान

नेपालको संविधानको धारा २८ ले कुनै पनि व्यक्तिको जीउ, चरित्र लगायतको विषय गोपनीयता कायम गर्नुपर्ने र कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ भनी व्यवस्था गरेको छ ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(१) ले पनि लोकतान्त्रिक समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षा एवं पक्षहरुको व्यक्तिगत जीवन वा न्यायको लागि आवश्यक परेमा प्रेस वा सर्वसाधारणलाई सुनुवाइ र कारवाहीको कुनै वा सबै चरणबाट बाहेक गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ । त्यस धारामा कुनै फौजदारी कानूनबमोजिम चलेको अन्य कुनै मुद्दामा दिएको फैसला, नावालकको हित संरक्षणको लागि आवश्यक भएमा वा पारिवारिक मुद्दा वा वालवच्चाको संरक्षणसँग सम्बन्धित भएमा बाहेक सार्वजनिक गरिनेछ भन्ने व्यवस्था पनि रहेको छ ।

## राष्ट्रिय कानून

न्याय प्रशासन ऐन, २०७३ को दफा २५ मा प्रचलित कानून बमोजिम बन्द इजलासबाट सुनुवाइ गर्नु पर्ने मुद्दाको सुनुवाइ बन्द इजलासमा गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाहरूको कार्यान्वयन गर्ने सन्दर्भमा सर्वोच्च अदालत नियमावली, २०४९, उच्च अदालत नियमावली र जिल्ला अदालत नियमावलीले वालवालिका जवर्जस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्न मनासिव नभएको भनी अदालतले वन्द इजलासबाट हेर्ने भनी आदेश गरेको अन्य मुद्दाको सुनुवाइ वन्द इजलासबाट हुने भन्ने व्यवस्था गरेको छ ।

त्यस्तै घरेलु हिंसा (कसूर तथा सजाय) ऐनले घरेलु हिंसा पीडितले अनुरोध गरेमा त्यस ऐन अन्तर्गतको उजुरी सम्वन्धी कारवाही र सुनुवाइ अदालतले वन्द इजलासमा गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ ।त्यस्तै मानव वेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ ले पनि सो ऐन अन्तर्गतको कसूर सम्वन्धी मुद्दाको कारवाही र सुनुवाइ वन्द इजलासबाट हुने व्यवस्था गरेको छ । साथै संगठित अपराध नियन्त्रण ऐनले पनि सो ऐन अन्तर्गतको कसूरको कारवाही र सुनुवाइ वन्द इजलासबाट गर्न सक्ने व्यवस्था गरेको छ ।साथै मुलुकी ऐन,  जवरजस्ती करणीको महलले ज.क. सम्बन्धी मुद्दामा पीडितको परिचयको गोपनीयता कायम गर्नुपर्ने व्यवस्था छ ।

त्यस अतिरिक्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १० महिला प्रहरीद्वारा महिलाको खानतलासी र दफा १२ महिला चिकित्सकद्वारा महिलाको स्वास्थ्य परीक्षण गराउनु पर्ने व्यवस्था महत्वपूर्ण छ । मुलुकी ऐनमा पनि यस सम्बन्धमा भएको व्यवस्था उल्लेखनीय छ ।

**सरकार वादी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०७३**

४. गोपनीयता कायम गर्नुपर्नेः (१) अपराधको अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी वा प्रहरी कर्मचारीले पीडित, आवश्यकता अनुसार निजको परिवारका सदस्य र अनुसन्धानको क्रममा सहयोग गर्ने व्यक्तिको गोपनीयता र मर्यादाको जुनसुकै अवस्थामा पनि सम्मान र संरक्षण गर्नु पर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम पक्षको गोपनीयता कायम राख्नुपर्ने मुद्दामा पीडितले लिखित सहमति दिएकोमा बाहेक पीडितको नाम उल्लेख गरी वा निजको पहिचान हुने गरी कुनै पनि जानकारी उपलब्ध गराउन हुँदैन ।

(३) उपदफा (२) बमोजिम गोपनीयता कायम गर्दा प्रचलित कानुनमा लेखिएको व्यवस्थाको अतिरिक्त सर्वोच्च अदालतबाट जारी आदेश, निर्देशन एवं निर्देशिका समेतको पालना गर्नु पर्नेछ ।

### नजीरहरु

**सर्वोच्च अदालतले अन्नपुर्ण राणा वि. काठमाडौँ जिल्ला अदालत** (ने.का.प. २०५५, पृष्ठ ४७६ नि.न. ६५८८) को मुद्दामा नेपाल अधिराज्यको संविधान २०४७ को धारा २२ को गोपनियताको हकको व्यवस्थाबाट व्यक्तिको निजी जीउको गोपनियताको अनतिक्रमण गर्न नपाइने गरी गोपनीयताको हकको स्पष्ट व्यस्था भएबाट अदालतको आदेश भए पनि यदि शरीरको त्यस्तो गोप्य अंग निजको मन्जुरी बेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्ति सो गोपनियताको हकबाट निजलाई वञ्चित गर्न सरह नै हुने स्पष्ट देखिन आउँछ भनी व्याख्या गरेको छ ।

साथै **सपना प्रधान मल्ल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय** (ने.का.प २०६४ अंक ९, निर्णय नं. ७८८० पृष्ठ १२०८) को मुद्दामा महिला, बालबालिका, एच.आई.भी एड्स संक्रमित व्यक्तिहरूले मुद्दा मामिलाको कारवाहीमा गोपनियता कायम नभएको हुनाले न्यायको पहुँच दुरूहभएको र स्वच्छ सुनुवाइको अधिकार समेतबाट वञ्चित हुने गरेको भन्ने दावी परेको निवेदनमा त्यस्ता मुद्दाहरूको शुरू चरणदेखि फैसला गर्दाको चरण र त्यसपछिको चरणमा समेत गोपनियता कायम गर्ने र सो सम्बन्धमा कानून निर्माण गर्ने सरकारको नाममा आदेश जारी भएको थियो । सो वमोजिम कानून नबनेसम्म अदालत, निकाय तथा कार्यालयहरूले मुद्दाको कामकारवाहीमा गोपनीयता कायम गर्ने स्रोत पुस्तिका समेत जारी गरेको छ ।

## २.२.१४ उचित समयभित्र पुर्पक्षको अधिकार

### पृष्ठभूमि

ढिलो न्याय दिनु भनेको न्याय नदिनु बराबर हो भन्ने सिद्धान्तको आधारमा उचित समयभित्र पुर्पक्षको अधिकार पनि स्वच्छ सुनुवाइको अधिकारको रुपमा लिइन्छ ।

## अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(३)(ग) अनुसार फौजदारी अभियोगमा मुद्दा चलेको हरेक व्यक्तिले अनुचित विलम्व नगरी सुनुवाइ (Right to be trial without undue delay) को हक राख्दछ । अनुचित विलम्व नगरी सुनुवाइ भन्नाले के बुझिन्छ भन्नेबारे मानव अधिकार समितिले सामान्य टिप्पणी नं. १३ मा अनावश्यक विलम्व वेगरको सुनुवाइ भन्नाले पुर्पक्ष र सुनुवाइ कहिले शुरु हुनुपर्छ भन्ने कुरासँग मात्र सम्बन्धित नभई सो कहिलेसम्म अन्त भई निर्णयसमेत गरी सक्नुपर्छ भन्ने कुरासँग पनि सम्बन्धित हुन्छ। हरेक चरणको कारवाही अनुचित विलम्व वेगर सम्पन्न गरिनु पर्छ भनेको छ । यो अधिकारलाई प्रभावकारी बनाउनको लागि शुरु र पुनरावेदन तहको कारवाहीको चरणमा सुनुवाइ अनुचित विलम्व नगरी सुरु गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने किसिमको कार्यविधि तयार हुनुपर्छ। समितिले विकास गरेको विधिशास्त्रअनुसार धारा १४(३)(ग) र उपधारा (५) सँगै हेरिनु पर्छ। किनभने दोषी करार गर्ने निर्णय र सजायको पुनरावलोकन गर्ने अधिकारको प्रयोग विलम्व नहोस् भन्ने नै हो । त्यसबारे अझ स्पष्ट गर्दै समितिले राज्य पक्षको “कठिन आर्थिक स्थिति” को कारणले महासन्धिको अनुशरण नगरिने कुनै बाहना वनाउन मिल्दैन भनेको छ। महासन्धिमा उल्लेखित अधिकारलाई न्यूनतम मापदण्डको रुपमा सबैले अनुशरण गर्नुपर्छ। जहाँ अनुचित रुपमा ढिलाई भएको छ त्यहाँ ढिलाई के कारणले भएको हो भन्ने स्पष्ट गर्दै उचित कारण बनाउनु पर्ने दायित्व पनि सरकारकै हुन्छ भन्ने कुरामा पनि समितिले जोड दिएको छ ।

मानव अधिकार समितिले अनुचित विलम्वको आरोप लागेका अन्य कैयौं मुद्दाहरु हेरेको छ। एउटा मुद्दामा व्यक्ति पक्राउ परेको २९ महिनापछि गरिएको सुनुवाइलाई समितिले अनुचित विलम्व मान्यो। त्यस्तै गरी पक्राउ र पुर्पक्षबीच २ वर्षको अन्तर परेकोलाई पनि समितिले धारा १४(३)(ग) र धारा ९(३) को प्रतिकूल हुने ठहर गर्यो । त्यस्तैगरी ६ वर्ष वा १० वर्षसम्म चलेका पुर्पक्ष र सुनुवाइ सम्बन्धी कारवाहीलाई समतिले अनुचित विलम्व भन्दै धारा १४(३)(ग) को प्रतिकूल मानेको छ ।

मानव अधिकार समितिको सामान्य टिप्पणी नं. १३ ले प्रतिज्ञापत्रको धारा १४ (१) को व्यवस्थाबारे थप प्रकाश पार्दै सुनुवाइको सार्वजनिकीकरण व्यक्ति र समग्र समाजको हितको रक्षा गर्ने सन्दर्भमा महत्वपूर्ण कवच हो भन्ने उल्लेख गरेको छ ।

### राष्ट्रिय कानून

मुलुकी ऐन, अदालती बन्दोबस्तको महल १३ नं.मा कानूनले तोकेको काम तोकिएको समयमै गर्नुपर्ने, ढिलाई गर्न नहुने व्यवस्था र सोही १४ नं मा मुद्दा फैसला गर्दा शुरू अदालतले भए प्रतिवाद परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्ष भित्र र पुनरावेदन तहबाट सुरू मिसिल प्राप्त भएको एक वर्ष भित्र र प्रमाण बुझिसकेपछि सो समय बाँकी भएपनि ३५ दिनभन्दा ढिलाई गर्न नहुन भनिएको छ । त्यस्तै नेपालको न्यायपालिकाको रणनीतिक योजनाले पनि २ वर्ष भन्दा पुरानो हुने गरी मुद्दा नराख्ने योजना बनाएको छ ।

### प्रेम नारायण महतो बिरुद्ध राजस्व अनुसन्धान बिभाग समेत, ०७३-WH-००८५, आदेश मिति २०७४।०३।१

यी निवेदकलाई निज उपरको आरोपित कसूरमा अनुसन्धानका लागि भनी हालसम्म पनि निजको बयान बाहेक अन्य कुनै प्रमाण बुझेको प्रमाणमा आएको अनुसन्धानको मिसिलबाट देखिएन । यसरी निर्देशनानुसार बुझ्नु पर्ने व्यक्ति नबुझी निवेदकलाई अनुसन्धानको लागि भनी थुनामा राखी लामो अवधि सम्म कारवाही अगाडि नबढाउनु अनुसन्धानकर्ताको गंम्भीर हेलचेक्र्याई समेत देखिन आएको छ । अतः निवेदकलाई अनुसन्धानका नाममा लामो समयसँम्म धरोटी नबुझाएको आधारमा मुद्दा दायर नगरी थुनामा राखी राख्नु कुनै पनि दृष्टिकोणबाट न्यायोचित मान्न सकिदैन । तसर्थ यो आदेश प्राप्त भएको मितिले ७ दिन भित्र अनिवार्य रुपमा निवेदकका सम्बन्धमा निर्णय गरीसक्नु भनी राजस्व अनुसन्धान बिभागका अनुसन्धान अधिकारी र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको ध्यान आकर्षण गराई अब आइन्दा अनुसन्धानका नाममा लामो समय प्रमाण बुझ्ने कार्य नगरी अभियुक्तलाई थुनामा नराख्नु भनी निर्देशन समेत दिने ठहर्छ ।

## २.२.१५ आफै वा आफूले रोजेको कानून व्यवसायीद्वारा प्रतिरक्षाको हक

### पृष्ठभूमि

पक्राउ परेको व्यक्तिले निजले चाहेको कानून व्यवसायीसँग परामर्श दिन पाउने उसको अधिकारको कुरा हो । कुनै व्यक्ति पक्राउ परेको दिनदेखि नै कानून व्यवसायीको सल्लाह लिन पाउने, त्यस्तो सल्लाह गोप्य रहने र कानून

व्यवसायीबाट मुद्दाको प्रतिरक्षा गर्न पाउने मौलिक हकको औचित्य र प्रयोजन भनेको कानूनको ज्ञाताबाट प्रतिरक्षा गर्ने अवसर प्राप्त हुने अवस्था सृजना गर्नु हो । राज्यले व्यक्तिलाई कुनै अभियोगमा पक्राउ गरेकोमा त्यस्तो पक्राउको चुनौती दिन र आफ्नो प्रतिरक्षा गर्न आफूले रोजेको कानून व्यवसायीको सल्लाह लिन पाउने कुरालाई अन्य लोकतान्त्रिक देशहरुले महत्वको साथ स्वीकार गरिएको छ ।

## नेपालको संविधान

नेपालको संविधानको धारा २०(२) ले पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष हुने हक हुनेछ र त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य हुनेछ भन्ने व्यवस्था गरेको छ । यस उपधाराले कुनै पनि पक्राउ परी सुनुवाइका लागि अदालत वा न्यायिक निकायमा ल्याएका व्यक्तिको सुनुवाइ गर्दा वा उसको मुद्दाको पुर्पक्ष गर्दा कानून व्यवसायीमार्फत सुनुवाइ गर्नुपर्दछ भन्ने व्यवस्था गरेको छ ।

## अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(३)(घ) ले फौजदारी मुद्दाको अभियुक्तलाई आफै वा आफूले रोजेको कानून व्यवसायीद्वारा प्रतिरक्षा गरी पाउने हकको प्रत्याभूति गरेका छन् ।[2]

धारा १४ को व्यवस्थाबारे व्याख्या गर्दै मानव अधिकार समितिले सामान्य टिप्पणी नं. १३ मा भनेको छ ।

“अभियुक्त वा उसको कानून व्यवसायीलाई निर्भयपूर्वक आफूलाई उपलव्ध प्रतिरक्षाका प्रमाणहरु पेश गर्न र यदि पक्षपातपूर्ण रुपमा कारवाही चलाइएको छ भन्ने लागेमा चुनौती दिन पाउने हक हुनेछ । अपवादको रुपमा उचित कारणसहित आरोपित व्यक्तिको अनुपस्थितिमा मुद्दा चलाइएमा प्रतिरक्षाको अधिकारको काडाइ साथ पालना गर्नु अरु जरुरी हुन्छ”[3]

सन् १९६६ मा अमेरिकी सर्वोच्च अदालतले Mirinda v. Arizona (384 U.S. 436) को मुद्दामा अभियुक्तले आफू विरुद्ध लगाइएको अभियोगमा बयान दिनुभन्दा अगाडि कानून व्यवसायीबाट परामर्श लिने र बयान दिने क्रममा पनि आफ्नो कानून व्यवसायी साथै राख्न पाउने, यदि आर्थिक कमजोरीका कारणले अभियुक्तले

2 African charter on Human and People's Right Art 7(1)(c); American Convention on Human Right, Art 8(2)(d); European Convention on Human Right Art 6(3) (c)
3 United Nations Compilation of General Comments, p.125 para 11

कानुन व्यवसायी नियुक्त गर्न नसक्ने भएमा राज्यको तर्फबाट निःशुल्क कानून व्यवसायी तोक्न सक्ने समेत जानकारी गराई अभियुक्तको बयान लिनुपर्ने भन्ने उल्लेख गरेको छ ।

## राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा १५ (१) (ख) मा आफूले रोजेको कानून व्यवसायी वा कानून बमोजिमको वारिससँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ ।

## महान्यायाधिवक्ताको कार्यालयबाट कानूनी व्यवसायीसँग भेटघाट गर्ने सम्बन्धी परिपत्र

**विषयः- परिपत्र**

**श्री जिल्ला सरकारी वकील कार्यालय**

**सबै ।**

सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानको लागि पक्राउ परेका शंकितलाई कानुन व्यवसायीसँग परामर्श र आफन्तसँग भेटघाटका लागि आवश्यक सहयोग गर्ने प्रबन्ध गर्न र बयान गराउँदा शंकितका अधिकारका बारेमा जानकारी दिई बयान गराउने कार्यको पूर्णरुपमा पालना गर्ने विषयमा देहाय बमोजिम गर्नु गराउनु हुन यो परिपत्र जारी गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

१. हिरासतमा रहेका व्यक्तिलाई कानुन व्यावसायीसँग भेटघाट र परामर्श गर्न सक्ने समय निर्धारण गरी सोको अवसर उपलब्ध गराउने व्यवस्था गर्ने ।

२. हिरासतमा रहेका शंकित व्यक्तिले परामर्श गरेको कानुन व्यवसायीको नाम, ठेगाना, परामर्श गरेको मिति र समय तथा प्रमाणपत्र नं. उल्लेख गरी हिरासत राख्ने निकायले अभिलेख राख्ने व्यवस्था गर्ने ।

३. शंकित व्यक्ति र कानुन व्यवसायी बीचको भेटघाट वा परामर्श सम्बन्धित अधिकारीले देख्न सक्ने तर परामर्शको विषय सुन्न नसक्ने दुरी वा स्थानमा उपलव्ध गराउने व्यवस्था गर्ने ।

४. शंकित व्यक्तिले कानुन व्यवसायीसँग भेट गर्दा भाषा नबुझ्ने भई दोभाषेको माग गरेमा अदालतसँग समेत समन्वय गरी सम्भव भएसम्म दोभाषे उपलब्ध गराइदिने व्यवस्था गर्ने ।

५. कानुन व्यवसायीले हिरासतमा रहेको शंकित व्यक्तिलाई भेट्दा कानुन व्यवसायीको व्यवसायिक आचार संहिताको पालना गर्नु पर्दछ भन्ने कुराको जानकारी दिने व्यवस्था गर्ने ।

६. स्थानीय स्तरमा निःशुल्क कानुनी सहायता उपलब्ध गराउने संस्था वा कानुन व्यवसायी भएमा सोको लगत राख्ने र कुनै हिरासतमा रहेका व्यक्तिले कानुन व्यवसायी नियुक्त गर्न नसक्ने भएमा त्यस्तो सेवा उपलब्ध गराइदिन अनुरोध गर्ने ।

७. हिरासतमा रहेका शंकित व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराइदिने व्यवस्था गर्ने ।

८. भेटघाटको लागि उपलब्ध भएसम्म छुट्टै कक्ष वा कोठाको व्यवस्था र भेटघाटको लागि निश्चित समय निर्धारण गरिदिनुपर्ने ।

९. हिरासतमा रहेको शंकित व्यक्ति नजिकको आफन्त परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोनरनम्बर समेतको अभिलेख हिरासतमा राख्ने कार्यालयले राख्ने व्यवस्था गर्ने र हिरासतमा रहेको व्यक्तिले सम्पर्क गर्न चाहेमा टेलिफोन मार्फत जानकारी दिने ।

१०. कुनै विदेशी नागरिक हिरासतमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सो को अवसर उपलब्ध गराउने व्यवस्था गर्ने ।

११. हिरासतमा रहेको व्यक्तिले आफन्तसँग भेटघाट गरेकोमा भेटघाट गरको व्यक्ति, भेटघाट गरेको मिति र समय आवश्यक विवरण आगन्तुक पुस्तिकामा अभिलेख राख्ने व्यवस्था गर्ने ।

१२. हिरासतमा रहेको शंकित व्यक्तिले आफन्तसँग भेट गर्न चाहेमा निजको नजिकको नातेदारलाई उपयुक्त माध्यमबाट खबर गर्ने र सो को अभिलेख राख्ने ।

१३. हिरासतमा रहेका शंकित व्यक्तिलाई एक ठाँउबाट अर्को ठाँउमा स्थान्तरण गरेको कुरा निजको आफन्तलाई जानकारी गराउने व्यवस्था गर्ने ।

१४. हिरासत कक्षमा आफन्त र कानुन व्यवसायीसँग टेलिफोन वार्ता हुन सक्ने व्यवस्था गर्ने ।

१५. हिरासतमा रहेका  व्यक्तिलाई कानुन व्यवसायीसँग परामर्श गर्न पाउने, आफन्तसँग भेटघाट गर्न पाउने लगायतका शंकितका कानुनी अधिकारका बारेमा उल्लेख गरिएको जानकारी थुनुवा पूर्जिसँग उपलब्ध गराउने व्यवस्था गर्ने ।

१६. शंकित व्यक्तिलाई बयान गर्दा अनावश्यक दवाव वा यातना नदिइने वा आफ्नो बयान गर्न कर नलगाइने कुराको जानकारी गराउने ।

१७. शंकित व्यक्तिले बयानमा केही प्रतिक्रया व्यक्त नगरी चुप लागेर बस्न चाहन्छन् भने पनि निजलाई यस्तो अधिकार हुने कुराको जानकारी गराउने ।

१८. चुप लाग्ने अधिकार प्रयोग गरेको कारण शंकित व्यक्तिको विरुद्ध कसूर स्वीकारोक्तिको अवस्था श्रृजना हुन नसक्ने कुराको जानकारी गराउने ।

१९. शंकित व्यक्तिले चुप लागेको कारणबाट मात्र प्रमाणको भार निजमा स्थान्तरण भएको नमानिने कुराको जानकारी गराउने ।

२०. शंकित व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थनमा वा विरुद्धमा प्रमाण लाग्न सक्छ भन्ने कुराको जानकारी गराउने ।

२१. शंकित व्यक्तिले बयान गर्नु अघि आफूले रोजेको कानुन व्यवसायीसँग परामर्श लिन पाउने कुराको निजलाई जानकारी गराउने ।

२२. शंकित व्यक्तिले निज विरुद्धको जाहेरी, कागज लगायत सम्पूर्ण प्रमाणहरुको जानकारी पाई निज विरुद्धका प्रमाणका सम्बन्धमा आफ्नो बयान व्यहोरा राख्न पाउने कुराको जानकारी गराउने ।

२३. शंकित व्यक्तिले बयान गर्दा जवाफ आँफैले लेख्न चाहेमा अनुसन्धान अधिकारीले प्रश्न लेखी जवाफ शंकित व्यक्तिले नै लेख्ने पाउने जानकारी गराउने ।

२४. शंकित विरुद्ध कुनै आरोपमा अनुसन्धान भएकोमा सो बाहेक अन्य अपराधमा अनुसन्धान गरिएमा सो को बारेमा शंकितलाई पत्र मार्फत जानकारी दिने ।

२५. मुद्दाको पुर्पक्षको क्रममा कारागारमा थुनामा रहेको व्यक्तिलाई समेत कानुन व्यवसायी र आफन्तसँग भेटघाट गर्न सक्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

**बोधार्थ**

श्री गृह मन्त्रालय, सिंहदरबार

श्री प्रहरी प्रधान कार्यालय, नक्साल

श्री कारागार व्यवस्थापन विभाग,

श्री उच्च सरकारी वकील कार्यालयलाई सबै

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं

### नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३

१० फौजदारी मुद्दाको आरोपमा पक्राउ परी हिरासतमा रहेका व्यक्तिलाई आफूले रोजेको कानुन व्यावसायीसँग सल्लाह लिन पाउँने र कानुन व्यावसायीद्वारा पूर्पक्ष गर्न पाउने मौलिक हक प्रत्याभूत गरिएको सन्दर्भमा त्यस्ता व्यक्तिलाई निजले रोजेको कानुना व्यवसायीसँग सहजरुपमा भेटघाट गर्न दिने, आफन्तसँग भेटघाट गर्न दिने सहज व्यवस्था मिलाउनु पर्ने संवैधानिक दायित्वप्रति हामी सचेत छौं । त्यसै गरी अभियोग लागेको व्यक्तिलाई कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने संवैधानिक व्यवस्था प्रति सचेत हुँदै अपराध अनुसन्धानको क्रममा पक्राउ परेका अभियुक्तहरुलाई कसूरदारको रुपमा सार्वजनिक गर्नु नहुने कुरामा हामी सजग छौं ।

१४ नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले अनुसन्धान र अभियोजनका क्रममा स्वच्छ सुनुवाइ, वैयक्तिक स्वतन्त्रता र मानव अधिकारको प्रत्याभूत गरेका छन् । विशेष गरी न्यायसम्वन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, सूचनाको हक, गोपनीयता सम्बन्धी हक आदि मौलिक हकहरु नेपालको संविधानले प्रत्याभूत गरेको सन्दर्भमा त्यस्ता मौलिक हक तथा मानव अधिकारलाई सम्मान र संरक्षण गर्न अनुसन्धान, अभियोजन र मुद्दाको पूर्पक्षको क्रममा अनुसन्धानकर्ता र अभियोजनकर्ता क्रियाशील रहने प्रतिबद्धता प्रकट गर्दछौं ।

## नजीरहरु

**यज्ञमर्ति बन्जाडे वि. वागमति विशेष अदालत समेत**, (ने.का.प. २०२७ नि. न.५४७, पृ. १५७०) मा कानूनी सहायता पाउने अधिकारभित्र कुनै व्यक्तिले आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन तथा निजद्वारा पुर्पक्ष गर्न पाउँछ भन्ने अधिकारको बारेमा थाहा नभएको व्यक्तिलाई निजले त्यस्तो अधिकारको उपभोग गर्न पाउँछ भन्ने कुराको जानकारी पाउने अधिकारसमेत पर्दछ भनी व्याख्या भएको छ ।

## २.२.१६ नि:शुल्क कानूनी सहायताको हक

### पृष्ठभूमि

स्वच्छ सुनुवाइको सन्दर्भमा चर्चा गरी नि:शुल्क कानूनी सहायताको हक पनि एकदम महत्वपूर्ण छ। यसले गरिव तथा असहायको पनि न्यायमा पहुँच सुनिश्चित गर्नुका साथै कानून व्यवसायीको प्रतिनिधित्व नगराई न्यायबाट विमुख हुन सक्ने अवस्थाबाट जोगाउँछ ।

### नेपालको संविधान

नेपालको संविधानको धारा २० (१०) मा असमर्थ पक्षलाई कानुन बमोजिम नि:शुल्क कानून सहायता पाउने कुरा मौलिक हकको रुपमा सुरक्षित गरेको छ ।

### अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(३)(घ) मा फौजदारी अभियोगको निश्चय गर्दा हरेक व्यक्तिलाई "कानूनी सहायता प्राप्त गर्ने हक हुनेछ, जहाँ न्यायको लागि आवश्यक हुन्छ, त्यस्तो व्यक्तिसँग कानूनी सहायता प्राप्त गर्ने पर्याप्त साधन नभएको स्थितिमा विना कुनै शुल्क त्यो प्राप्त हुनेछ" भनिएको छ। यस्तो नि:शुल्क कानूनी सहायताको हकको प्रत्याभूति यूरोपेली महासन्धिले गरेको छ भने अमेरिकी महासन्धिले यस सम्बन्धमा सम्बन्धित देशको कानूनी व्यवस्था मार्फत सो उपलव्ध हुन सक्ने कुरा उल्लेख गरेको छ । तर अफ्रिकी महासन्धि भने यस बारेमा मौन छ ।[4] धारा १४(३) को व्यवस्थाले रकम तिर्न सक्ने सामर्थ्य नभएको र न्यायको लागि सो आवश्यक भएको स्थितिमा नि:शुल्क कानूनी सहायतालाई पक्षहरुले साधिकार दावी गर्न सक्ने, तर देवानी मुद्दामा त्यस्तो दावी गर्न नसकिने कुराको संकेत गरेको छ । त्यस्तैगरी नि:शुल्क कानूनी सहायताका आधारहरुबारे अरु स्पष्ट गर्दै यूरोपेली मानव अधिकार अदालतले यस्तो सहायतालाई फौजदारी कारवाहीमा स्वच्छ सुनुवाइकै एक अङ्गको रुपमा लिइनु पर्छ भनेको छ। यूरोपेली महासन्धिको धारा ६(३) (ग) अन्तरगत "न्यायको लागि" पक्षलाई नि:शुल्क कानूनी सहायता उपलव्ध गराउनु आवश्यक छ वा छैन भन्ने कुरा गर्दा अभियोगको गाम्भीर्यता, सम्भावित सजायको कडापन र मुद्दाको जटिलतालाई विचार गर्नु पर्छ भनिएको छ ।[5] अपिलको तहमा त्यस्तो अधिकार प्रदान गर्ने वा नगर्ने भन्ने

[4] See Art 6(3) (c) of European Convention: Art 82(e) of American Convention

[5] Quaranta v. Switzerland, Eur. court HR, judgment of 24 may 1991, series A, No 205, p.16 para 27-34 (यसमा तीनवटा कैद भएको थियो र निशुल्क सहायता प्रदान नगरिनुलाई धारा ६)३)(ग) को

बारेमा भने यूरोपेली अदालतले यसलाई सम्पूर्ण कारवाहीको प्रकृति र अपिल वा केसेसन अदालतको भूमिकाको सन्दर्भमा हेरिनु पर्छ भनेको छ ।[6] साथै निःशुल्क सहायता प्रदान गरेर मात्र पुग्दैन त्यस्तो सहायता प्रभावकारी हुनुपर्छ । त्यसको लागि अभियुक्तलाई समय दिइनु पर्छ । निज र वकीलबीचको कुराकानीलाई निजी कुराकानी मानिनु पर्छ भन्ने पनि यूरोपेली अदालतको मत रहेको छ ।[7]

## राष्ट्रिय कानून

असमर्थ पक्षले निःशुल्क कानूनी सेवा लिन पाउने व्यवस्था कानूनी सहायता सम्बन्धी ऐन २०५४ को दफा ३ समेतमा उल्लेख छ । जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतको नियमावली हक समेतले प्रत्येक अदालतमा पूर्णकालीन वैतनिक कानून व्यवसायी उपलब्ध हुने र न्यायाधीश एवं रजिस्ट्रार एवं स्रेस्तेदारले असमर्थ पक्षलाई वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराउने व्यवस्था रहेको छ ।

## नजीरहरु

नेपालको सर्वोच्च अदालतबाट **लिलामणि पौडेल वि. मन्त्रिपरिषद्को सचिवालय समेत** (ने.का.प २०६०, पृष्ठ ३५४, नि.नं ७२१४) को मुद्दामा मुलुकमा आर्थिक रूपले सम्पन्न र कानूनी प्रक्रियामा जानिफकार वर्ग मात्र अदालती प्रतिद्वन्द्वमा सरिक हुन समक्ष हुने तथा गरिब असहाय र निमुखाहरू राज्यद्वारा स्थापित न्याय प्रशासनिक संयन्त्रको पहुँच बाहिर रहनु सक्षम न्याय प्रणालीको विशेषता नहुँदा न्याय प्रणालीमा सबैका लागि पहुँच दिलाउन एवं कानूनी प्रतिरक्षा र प्रतिनिधित्वविहीन स्थितिको अन्त्य गरी निष्पक्ष न्याय दिनु दिलाउनु राज्यको कर्तव्य हुने सिद्धान्त कायम भएको छ ।

---

उल्लघंन मानियो ।

[6] Granger v. UK, Eur, court HR, judgment of 28 march 1991, series A, No 174, p.17 para 44 (यहाँ पाँच बर्षकैद गरिएको थियो तर पुनरावेदन अदालतको तहमा सहायता नदिनुलाई आपत्तिजनक मानिएन ।

[7] Pakelli v. F.R. Germany, Eur.court HR, judgment of 25 April 1983, series A, No 64, p.18 para 39

## २.२.१७ गैरकानूनी तरिकाबाट प्राप्त गरिएको प्रमाण प्रयोग गर्न बन्देज

### पृष्ठभूमि

स्वच्छ सुनुवाइको सिद्धान्तअनुसार सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानमा प्रमाणको संकलन गर्दा कानूनसम्मत तरिकाले मात्र संकलन गर्नुपर्दछ । अनुसन्धान अधिकृत तथा अभियोजनकर्ताले गैरकानूनी तरिकाद्वारा र विशेष गरेर यातना वा अन्य तरिकाले मानव अधिकारको उल्लंघन गरी प्राप्त गरिएको भन्ने "जानकारी पाएमा वा त्यस्तो हुन सक्ने तर्कसँगत आधार भएमा" त्यस्तो प्रमाणलाई अस्वीकार गर्नुपर्छ ।

### अन्तर्राष्ट्रिय कानून

यसैसँग मिल्दोजुल्दो व्यवस्था यातना विरुद्धको महासन्धिमा गरिएको छ । सो महासन्धिको धारा १५ मा प्रत्येक राज्य पक्षले यातना दिई लिइएको बयान भन्ने प्रमाणित भएमा त्यस्तो बयानलाई कुनै पनि कानूनी कारवाहीमा प्रमाणको रुपमा नलिने कुरा सुनिश्चित गर्नेछ । तर यातना दिइएको थियो भन्ने कुराको प्रमाण दिनमा बयानको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ । यो  व्यवस्थामा गरिएको सन्दर्भमा हेर्दा के भन्न सकिन्छ भने यातना दिई प्राप्त गरिएको प्रमाण भने अविश्वसनीय प्रमाणको उदाहरण हो र यस्तो प्रमाण स्वीकार गर्नु न्यायिक कारवाहीको पवित्रता विरुद्ध हुन्छ ।

यसरी संक्षेपमा आफ्नो विरुद्ध आरोप स्वीकार गर्न वा वयान दिनबाट गरिएको प्रतिवन्धद्वारा प्रदत्त हकलाई यातना विरुद्धको हकसँग जोडी, त्यस्तो प्रमाणलाई न्यायिक कारवाहीमा अस्वीकार गर्न मानव अधिकार सम्बन्धी दस्तावेजहरुले जोड दिएका छन् भने जहाँ यातना वा अनुचित दवावद्वारा आफ्नो विरुद्ध बयान दिन वाध्य पारिएको हुन्छ वा कार्यबाट पीडित व्यक्तिले पनि सो कुरा मौकैमा न्यायिक अधिकारी समक्ष उठाउनु पर्छ अन्यथा सो कुराको न्यायिक कारवाहीमा विचार नगरिने खतरा हुन्छ, यो कुरा सबैले बुझ्न जरुरी छ । प्रहरीमा दिएको बयानलाई अन्य स्वतन्त्र बयानले पुष्टि नगरेसम्म प्रमाणमा लिन मिल्दैन भन्ने कुरालाई हिरा पासीको मुद्दामा स्वीकार गरिएको छ ।[८] त्यस्तै सह अभियुक्तले दिएको बयान स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्ने धारणा सर्वोच्च अदालतको छ[९] ।

8 हिरापासी बि. श्री ५ के सरकार, ने.का.प. २०२८, पृ. २०८

9 टि.पि.वि. नारायण बि. श्री ५ को सरकार, ने.का.प. २०४५ पृ. ७०५

**नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ताको पहिलो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३**

अपराध अनुसन्धान र अभियोजनको निष्पक्षता र स्वायत्तताले मात्र अपराध पीडितको न्याय पाउने, अभियुक्तले सजाय पाउने र कानुनको कार्यान्वयन हुने कुरामा सुनिश्चितता हुन्छ । अपराध अनुसन्धान र अभियोजनमा स्वच्छ सुनुवाइ र मानव अधिकारप्रति सम्मान र परिपालनालाई निरन्तर शिरोधार्य गरिएको छ । यी सिद्धान्तको परिपालनामा अविछिन्नता कायम राख्दै आगामी दिनमा पनि अनुसन्धानकर्ताबाट स्वच्छ सुनुवाइ र मानव अधिकारको संरक्षण र पालनालाई विशेष प्राथमिकतामा राखिने छ । हामीले अपराध अनुसन्धान र अभियोजनको कुनै पनि चरणमा यातना जस्ता अमानवीय व्यवहारलाई विगतदेखि नै अस्वीकार गर्दै आएका छौं र आगामी दिनमा पनि यस्ता कार्यलाई कुनै पनि स्थान दिइने छैन ।

## २.२.१८ साक्षी बोलाउने र परीक्षण गर्ने गराउने अधिकार

### पृष्ठभूमि

कुनै व्यक्ति उपर अभियोग लागेपछि अभियुक्तले आफ्ना विरुद्ध लागेका आरोप खण्डन गर्न पाउने उसको अधिकारको कुरा हो । आफैंले पनि त्यस्तो आरोपको खण्डन गर्न सक्छ भने आफ्ना साक्षीहरु मार्फत पनि खण्डन गर्न पाउँछ र साथै विरुद्ध प्रस्तुत गरिएका साक्षीहरुसँग जिरह गर्न पाउने अधिकार राख्दछ ।

### अन्तर्राष्ट्रिय कानून

नागरिक र राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको धारा १४(३)(ङ) ले कुनै व्यक्तिको विरुद्ध फौजदारी अभियोग लगाउँदा उसलाई आफ्नो र आफ्नो विरुद्धको साक्षीको परीक्षण गर्ने अधिकार हुनेछ । आफ्नो विरुद्धको साक्षी जुन अवस्थामा उपस्थित हुन्छ आफ्ना साक्षी पनि सोही अवस्था र शर्तमा उपस्थित गराउने हक हुने व्यवस्था गरेको छ। करिव करिव यस्तै व्यवस्था यूरोपेली महासन्धिको धारा ६(३)(घ) ले गरेको छ। साक्षी परीक्षणको हकको कुन हदसम्म प्रयोग हुन सक्छ भन्ने बारमा हेर्दा अभियुक्त वा उसको कानून व्यवसायीलाई यस्तो अधिकार अनियन्त्रित रुपमा प्राप्त हुन्छ भनी बुझ्न मिल्दैन। अर्को शव्दमा अभियुक्तले जति पनि साक्षी उपस्थित गराउँछु भनी माग गर्न सक्दैन । यदि अदालतलाई त्यस्ता साक्षीको मुद्दासँग कुनै

सरोकार छैन भन्ने लाग्छ भने अदालतले त्यस्ता साक्षी बोलाउन इन्कार गर्न सक्छ र यसले समान बाहुको सिद्धान्त उल्लघंन गरेको मानिदैन[10] ।

## राष्ट्रिय कानून

प्रमाण ऐन, २०३१ को दफा ५० मा साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो सो पक्षले सोधपुछ गर्ने र अर्को पक्षले चाहेमा साक्षीसँग जिरह गर्न पाउने व्यवस्था गरेको छ। यस व्यवस्थामा साक्षीलाई सोधपुछ, पुनः सोधपुछ र गिरह गर्न पाउने व्यवस्था हो । मुलुकी ऐन, अदालती बन्दोवस्तको १४३, १४४, १४६, १५०, १५२ नं लगायत विभिन्न व्यवस्थामा साक्षी झिकाउने र परिक्षण गर्ने, अन्य प्रमाण परिक्षण सम्बन्धी व्यवस्था गरिएको छ ।

सरकारवादी फौजदारी मुद्दाका पीडित एवम् साक्षीप्रतिको सहायता र संरक्षण एवम् मनोपरामर्शको व्यवस्था गर्न प्रहरी र सरकारी वकीलको जिम्मेवारी भएको कुरा आत्मसात गर्दै पीडितमैत्री तथा लैगिक मैत्री कार्यालयको रुपमा प्रहरी र सरकारी वकील कार्यालयलाई विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अपराध पीडित र साक्षीको सहायता, संरक्षण, सम्वर्द्धन र प्रबर्द्धन एवम् पुनर्स्थापनाका लागि सम्बन्धित सेवा प्रदायक, सरोकारवाला निकाय र संस्थाहरुका बीचमा समन्वय र सहकार्यको संस्कृतिलाई प्रवर्द्धन गर्नेछौं । अपराध पीडितलाई सहायता, संरक्षण र पुनर्स्थापना गर्न हामी साझा रुपमा क्रियाशील हुनेछौं । अपराध पीडितको सहायता र संरक्षण गर्न तथा समयान्तरका कारण अनेकानेक पक्षबाट हुने प्रतिकूल बकपत्रलाई निरुत्साहित गर्न अपरहण तथा शरीर बन्धक, जवर जस्ती करणी जस्ता गम्भीर प्रकृतिका मुद्दामा अनुसन्धानको चरणमा तत्कालै पीडितको बयान लिई अदालतबाट प्रमाणित गराउने गरी साक्षी संरक्षण सम्वन्धी एकीकृत कानुनी व्यवस्था गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

गम्भीर र संवेदनशील प्रकृतिका मुद्दामा निरन्तर सुनुवाइको अभ्यासले सकारात्मक सन्देश दिएको छ । छिटो छरितो न्याय सम्पादन गर्न र सहज रुपमा पीडित र साक्षीको सहयोग प्राप्त गर्न एवम् न्यायमा सहज पहुँच कायम गराउनका लागि हामी निरन्तर सुनुवाइको अभ्यासमा सहयोगी हुनेछौं र सोही अनुसार अभियोजन एवम् साक्षी प्रमाण प्रस्तुत गरी शीघ्र न्याय सम्पादन प्रक्रियाको सहयोगी बन्ने छौं । विदेशी नागरिक पीडित वा साक्षी भएको वा विदेश गई न्यायिक प्रक्रियाको

[10] D.Gordam v. Jamaica, Communication No. 237/1987 (Views adopted on 5 Nov. 1992) in doc. GAOR, A/48/40 (vol II) p.10 para 6.3

क्रममा वकपत्र गर्न उपस्थित हुन नसक्ने अवस्थाका साक्षीहरुलाई अभियोग पत्र पेश हुँदाकै अवस्थामा वकपत्रका लागि पेश गर्न सकिने गरी कानुनी व्यवस्था हुनु पर्ने आवश्यकता देखिएको छ ।

### नजीरहरु

**किशोर भन्ने रामबहादुर हमाल विरुद्ध कारागार व्यवस्थापन विभाग समेत** (ने.का.प २०६७, निर्णय नं. ८३४५, अङ्क ४) को मुद्दामा अभियोग लागेको व्यक्तिले मुद्दाको कार्वाहीमा आफै उपस्थित भै आफ्नो साक्षी प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न पाउनुपर्छ र आफ्नो साक्षी बकाउन र आफ्नो विरुद्धका साक्षीको जीरह गर्न पाउने मौका पाउनुपर्दछ भन्ने समेत बोलेको पाइन्छ ।

## २.२.१९ पश्चातदर्शी कानूनहरुबाट मुक्ति

### पृष्ठभूमि

कुनै पनि कार्यलाई अपराध भनी सजाय गर्नको लागि सो कार्य कानूनद्वारा अपराधको घोषणा गरी सजाय किटान गरिएको हुनुपर्दछ। वारदात भई सकेपछि सो कार्य अपराध हो भन्ने किटान गरी सजाय गरी कारवाही गर्न हुदैन । यस अर्थमा पश्चातदर्शी कानूनको निर्माणले वैधता प्राप्त गर्न सक्दैन । पश्चातदर्शी फौजदारी कानूनको निर्माणलाई निषेध गर्ने कुरा विधिको शासनमा आवद्ध समाजको लागि अत्यावश्यक हुन्छ। यस्तो निषेधले कानूनी सुनिश्चितता प्रदान गर्नुको साथै व्यक्तिलाई कस्तो कार्य निषेधित कार्य हो भनी पूर्वानुमान गर्न मद्दत गरी उसको सुरक्षा गर्छ।

### नेपालको संविधान

नेपालको संविधानको धारा २०(४) ले तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा वढी सजाय दिने छैन भन्ने व्यवस्था गरिएको छ । तर कार्यविधिमा कुरा मुद्दा चल्दाको अवस्थामा विद्यमान रहेको कानून अनुसार नै हुन्छ ।

### अन्तर्राष्ट्रिय कानून

नागरिक र राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको धारा १५(१) ले कुनै कार्य गर्दा वा नगर्दाको अवस्थामा फौजदारी कसूर नमानिएको स्थितिमा कसैलाई पनि दोषी करार नगरिने कुराको प्रत्याभूति गरेको छ ।

## राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा ११ (१) मा कुनै व्यक्तिलाई पनि तत्काल प्रचलित नेपाल कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै सजाय हुने छैन र कसूर गर्दाको अवस्थामा प्रचलित नेपाल कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने व्यवस्था गरेको छ ।

## नजीरहरु

**उत्तम लामा विरूद्ध चरिमाया मोक्तानको जाहेरीले श्री ५ को सरकार** (ने.का.प २०६१, पृष्ठ ११०३, नि.नं ७४३२) को मुद्दामा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) अनुसार कुनै कार्य गर्दा त्यस्तो कार्यलाई कानूनले दण्डनीय कसूर नमानेको अवस्थामा पछाडि बनेको कानूनले अगाडि नै भैसकेको कार्यलाई दण्डनीय कसूर घोषणा गरी सजायको व्यवस्था गर्न र त्यस्तो कानूनको प्रयोग गरी अगाडि नै घटेको वारदातसँग सम्बन्धित व्यक्तिलाई सजाय गर्न तथा कसूर गर्दाको अवस्थामा कानून वमोजिम हुन सक्ने सजाय भन्दा बढी सजाय गर्न नमिल्ने संवैधानिक प्रत्याभूति प्रदान गरिएको स्पष्ट हुने । प्रमाण सम्बन्धी विषयमा तथा कार्यविधिको सम्बन्धमा पश्चातदर्शी असर दिई बनाइएका कानूनलाई Ex-post facto Law सम्बन्धी अवधारणा विपरीत निर्माण गरिएको मान्न नमिल्ने सिद्धान्त कायम गरिएको छ ।

त्यस्तै **पासाङ दावा तामाङ विरूद्ध श्री ५ को सरकार** (ने.का.प. २०५८, पृष्ठ १८८ नि.नं ६९९२) को मुद्दामा साविक ऐनले सजाय भागी नवनाएकोमा हालको ऐनले सजाय भागी बनाएको अवस्था अवस्था प्रस्तुत मुद्दामा देखिन नआई दुवै ऐनले अपराध मानी सजायको व्यवस्था गरी राखेको र सजायको हकमा केही फरक देखिए पनि साविक ऐनले हुने कैद सजायको हदभन्दा कम गरेको देखिन आएकोले हालको ऐनको व्यवस्थाले मात्र प्रतिवादीलाई प्रतिकूल असर पारेको भन्ने अवस्था देखिन आएन। मुद्दाको दायरी, अभियोजन तथा प्रमाणको भार निर्धारण लगायतका कार्यविधिगत कुरा मुद्दा कारवाही चल्दाको अवस्थामा विद्यमान रहेको कानून अनुसार हुने कुरा हो भनी सिद्धान्त कायम गरिएको छ ।

**नेपाल सरकार बि. ईश्वर पोखरेल, ने.का.प. २०६६ अंक ८ नि.नं. ८२०० पृ. १२३५** कानून बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाइृ पछि कानून बनाई अपराध मानिएमा पहिले सानो रकम गम्भीर हुने कसूरलाई पछि ठूलो र बढी गम्भीर कसूर कायम गरिएमा, पहिले कम सजाय हुने कसूरलाई बढी सजाय गर्ने गरी कानून निर्माण गरिएमा प्रमाण सम्बन्धी कानूनी नियमहरुमा फेरबदल गरी कसूर प्रमाणित गर्न कम प्रमाण भए पनि पुग्ने गरी कानून निर्माण गरिएमा मात्र त्यस्तो कानूनलाई Ex-post facto कानून मानिने हुँदा त्यस्तो कानूनलाई अदालतले अमान्य गर्न सक्ने । साबिक ऐनले पनि कसूरको सज्ञा दिई सजाय समेत निश्चित गरेको क्रियालाई हालको ऐनमा समेत निरन्तरता दिई साबिक ऐन भन्दा कम सजाय व्यवस्था गरेकोमा एउटै क्रियालाई साविक ऐन र हालको ऐनले फरकफरक नामाकरण गरेको भन्ने मात्रै आधारमा Ex-post facto को प्रसंग उठाउनु सान्दर्भिक नहुने ।

**ओम नारायण श्रेष्ठ विरूद्ध जि.प्र.का काठमाडौं** (ने.का.प २०५२, पृष्ठ १४१, नि.नं ५०५२) को मुद्दामा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ खारेज भई सकेको र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लागू रहेको स्थितिमा कार्यविधिको सम्बन्धमा प्रचलित ऐन बमोजिम गर्नुपर्ने हुँदा वारदात भए नभएको र कारवाही चल्ने नचल्ने सम्बन्धमा सो कानून बमोजिम कारवाही गर्नुपर्ने हुन आउँछ भनी फैसला गरेको छ ।

त्यस्तै कार्यविधि कानून लागू हुने सम्बन्धमा **घनश्याम बस्नेत विरूद्ध उच्चस्तरीय समिति** (ने.का.प २०४९, पृष्ठ २८, नि.नं ४४४९) को मुद्दामा निवेदन वा उजुरी जुनसुकै वखत परेको भएपनि त्यसमा कारवाही हुँदाको अवस्थामा विद्यमान कार्यविधि सम्बन्धी कानूनको प्रक्रिया नै अपनाउनु पर्ने भन्ने उल्लेख गरेको छ ।

## २.२.२० दोहरो खतरामा प्रतिवन्धको सिद्धान्त

### पृष्ठभूमि

कुनै पनि कसूरको सम्वन्धमा एक पटकभन्दा वढी सजाय हुनुहुन्न । एउटै कसूर उपर पटक पटक सजाय हुने अवस्था भएमा मानव अधिकार तथा स्वच्छ सुनुवाइको अधिकार विपरीत हुन्छ ।

## नेपालको संविधान

नेपालको संविधानको धारा २०(६)मा कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एउटै कसूरमा एक पटक भन्दा वढी मुद्दा चलाउने र सजाय गरिने छैन भनी व्यवस्था गरेको छ ।

## अन्तर्राष्ट्रिय कानून

प्रतिज्ञापत्रको धारा १४(७) ले दोहोरो खतरालाई (Ne bis In Idem) प्रतिबन्ध लगाएको छ । जसअनुसार कसैलाई पनि मुलुकको कानून र फौजदारी कार्यविधि अनुसार मुद्दा चली अन्तिम रुपमा सजाय गरिएको वा सफाई दिएकोमा पुनः त्यही आरोपमा मुद्दा चल्न वा सजाय हुन सक्दैन भनी दोहोरो खतरालाई प्रतिवन्ध लगाएको छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानको धारा २० मा दोहोरो खतराको प्रतिबन्धलाई स्वीकार गरिएको छ । तर कुनै व्यक्तिको सन्दर्भमा देशभित्र मुद्दा चल्दा त्यस्तो व्यक्तिलाई फौजदारी उत्तरदायित्वबाट ढाक्ने (Shielding the person from criminal responsibility) उद्देश्यले चलाइएको स्थितिमा भने न्यायालयको क्षेत्राधिकार आकर्षित हुने कुरा उल्लेख भएको छ ।

## राष्ट्रिय कानून

नागरिक अधिकार ऐन, २०१२ को दफा ११ (२) मा कुनै व्यक्ति उपर कुनै अपराधमा एक पटकभन्दा बढि मुद्दा चलाउने र दण्ड सजाय गरिने छैन भनी दोहरो खतरामा प्रतिवन्धको सिद्धान्तलाई कानूनमा व्यवस्था गरिएको छ ।

मुलुकी ऐन अदालती वन्दोवस्तको ८५ नं. मा पनि अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसला उपर ऐन वमोजिम पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँमा फिराद लिई सुन्न हुदैन भनी व्यवस्था गरेको छ ।

## नजीरहरु

एउटै कसूरमा एकपटक भन्दा वढी मुद्दा गर्न तथा सजाय गर्न नहुने सिद्धान्त सम्बन्धमा नेपालको सर्वोच्च अदालतले देहाय वमोजिम निर्णय गरेको छ ।

**युक्त वहादुर गुरुङ्ग विरुद्ध राजश्व न्यायाधिकरण**, (ने.का.प. २०४८, पृ. ७३१, नि.न.४४१०) को मुद्दामा निवेदक उपर हङ्कङ न्यायालयबाट सजाय भएको आधिकारिक रुपमा पुष्टि नभएकोमा एउटै मुद्दामा दुई पटक सजाय भएको जिकिर हुन सकेको नदेखिने भन्ने बोलेको छ ।

**श्री ५ को सरकार वि. बाबुराम थापा समेत** (ने.का.प.२०५७ पृ.२०९ नि.नं. ६८७२) को मुद्दामा अष्ट्रेलियामा भएको आपराधिक कार्यको लागि पुन: नेपालमा मुद्दा चलाउन सक्ने कानूनी व्यवस्थाको अभावमा प्रतिवादीहरुको हकमा अभियोग दाबी खारेज गरेको फैसला मनासिव ठहर्ने सिद्धान्त कायम भएको छ ।

**इन्द्र बहादुर राउतको जाहेरीले श्री ५ को सरकार वि. पदम बहादुर राउत** (ने.का.प.२०५९ पृ. ७३९ नि.न. ७१५१) को मुद्दामा सामान्य कानून अनुसार कुनै अभियुक्तलाई कसूरदार ठहर गरी सर्वस्व सहित जन्मकैद वा जन्मकैदको सजाय भई कुनै विशेष ऐनले दिएको सुविधा अनुसार निजले कम सजाय हुन्छ भने अरु कसूरदार सरह निजको हकमा पनि प्रचलित कानून बमोजिम नै साधक जाहेर गर्नुपर्ने नै देखिने भन्ने बोलेको पाईन्छ ।

**विक्रमजीत लामा वि. जि.प्र.का. हनुमानढोका** (ने.का.प.२०४९, पृ. ५६८ नि.न. ४५६१) को मुद्दामा निवेदकले विदेशमा सजाय पाएको भन्ने आधारबाटै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(२) को उल्लंघन भयो भनी भन्न नमिल्ने हुँदा नेपालमा कारवाही चलाउन नै नपाईने भनी लिएको जिकिर मनासिव नदेखिने भन्ने फैसला भएको छ ।

**फणिराम सिलवाल वि. फणिन्द्रदत्त शर्मा** (स.अ. बुलेटिन २०५३, पूर्णाङ्क १०६, पृष्ठ २७) को मुद्दामा एउटै कसूरमा दुई पटक सजाय गर्न नहुने संवैधानिक प्रावधान र न्यायिक सिद्धान्तले त्यस्तो स्थितिलाई बर्जना गरेको सम्झनु पर्ने हुन्छ भनेको छ ।

## २.२.२१ फैसलाको उपलब्धता र पुनरावेदन/पुनरावलोकनको अधिकार

### पृष्ठभूमि

अदालतबाट मुद्दा फैसला भएपछि सोको जानकारी पाउने पक्षको हक हो । कुनै व्यक्तिको हक हित तथा अधिकार सम्बन्धमा एक तहमा निर्णय भएपछि चित्त नबुझ्ने पक्षले एक तह पुनरावेदन गर्न पाउने व्यक्तिको स्वच्छ सुनुवाइको अधिकार हो ।

### नेपालको संविधान

नेपालको संविधानको दफा २०(८) मा प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको

कारवाहीको जानकारी पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। यो हक धारा २७ मा व्यवस्था गरिएको प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने सूचनाको हकसँग पनि सम्बन्धित छ। नेपालको संविधानमा पुनरावेदन गर्न पाउने हकको व्यवस्था नभए तापनि नेपालको संविधानको धारा १५१ मा प्रदेश कानूनबमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार जिल्ला अदालतलाई तोकेको छ। त्यस्तै धारा १४४(३) ले उच्च अदालतले संघीय कानूनअनुसार पुनरावेदन सुन्ने व्यवस्था गरिएको छ भने उच्च अदालतबाट शुरु कारवाही गरेको मुद्दामा सर्वोच्च अदालतले पुनरावेदन सुन्ने व्यवस्था संविधानको धारा १३३(४) ले गरेको छ।

## अन्तर्राष्ट्रिय कानून

नागरिक र राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको धारा १४(५) अनुसार पुनरावेदनको अधिकार प्रयोग गर्न मुद्दामा के निर्णय भयो भनी उपयुक्त समय भित्र तर्क/आधार कारणसहितको लिखित फैसला प्राप्त गर्ने अधिकार राख्दछ। सुनुवाइसँग सम्बन्धित कागज (Transcript of the Trial) ३४ महिनासम्म नदिएको कारणले पुनरावेदनको अनुपतिको निवेदनमा सुनुवाइ हुन सकेन। मानव अधिकार समितिले यसलाई अनुचित विलम्ब वेगर सनुवाई पाउने नागरिक र राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रद्वारा प्रत्याभूत हकको प्रतिकूल कार्य भन्ने ठहर गऱ्यो। [11]

प्रतिज्ञापत्रको धारा १४(५) मा "अपराध गरेमा सजाय पाएको हरेक व्यक्तिलाई त्यस्तो सजाय माथिल्लो अदालतद्वारा कानून अनुसार पुनरावलोकन गरी पाउने अधिकार हुनेछ" भन्ने उल्लेख भएको छ। यहाँ "कानून अनुसार" भन्ने शव्द समूहले कानूनद्वारा तय गरिएको उचित प्रक्रियालाई जनाउँछ। साथै धारा १४(५) मा सजाय उपर पुनरावलोनको व्यवस्था गरी फौजदारी मुद्दालाई संकेत गरे पनि देवानी मुद्दा मौलिक अधिकारको उल्लघंन लगायत अन्य प्रकारको विवादमा पनि पुनरावेदन/पुनरावलोकनको अधिकार रहन्छ।

## राष्ट्रिय कानून

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९३ नं ले अड्डाबाट मुद्दा फैसला

[11] L.J. pinkney v. Canada, communication No.R. 7/27, (views adopted on 29 Nov. 1981) in UN doc.GAOR, a/37/40 p.113 para 35 read with p.103 para 10

गरेपछि हाजिर रहेको झगडियालाई सो फैसला पढीबाची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताई निजबाट सुनी पाएको व्यहोराको काजग गराउनपर्ने व्यवस्था उल्लेख गरेको छ । झगडिया हाजिर नभएकोमा सो फैसला भएको तीन दिनभित्र यो कुरा ठहरेकोले यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नामसमेत खुलाई म्याद जारी गर्नुपर्ने व्यवस्था रहेको छ ।

बालबालिकाको हकमा बाल न्याय कार्यविधि, २०६३ को नियम १९ ले मुद्दाको सुनुवाइ भई फैसला भई सकेपछि फैसलाको एक प्रति पक्षको रुपमा रहेका बालबालिका निशुल्क दिनुपर्ने उल्लेख गरेको छ। नेपालमा न्याय प्रशासन ऐन, २०७३, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन लगायतका विभिन्न ऐन नियमहरुले पुनरावेदन सम्बन्धी व्यवस्था गरेको छ।

## नजीरहरु

**रुद्रबहादुर हुमागाई वि. प्र. मन्त्रिपरिषद्को कार्यालयसमेत** (ने.का.प. २०६८, अंक १, निर्णय नं. ८५३८, पृष्ठ ७२) को मुद्दामा के कुन विवादको विषयमा कुन अदालतको अधिकारक्षेत्र हुने, शुरु निर्णय उपर पुनरावेदन गर्न पाउने नपाउने र गर्न पाउने अवस्था भएमा कुन निकायमा कसरी पुनरावेदन गर्ने भन्ने कुरा पक्षको इच्छा वा अदालतको निर्णयमा निर्भर रहने विषय नभई विधायिकी कानूनद्वारा निर्धारण हुने विधायिकी विवेकको कुरा हो । पुनरावेदन गर्ने अधिकार कानूनी अधिकार भएकोले यसको प्रयोग र पालना कानूनबमोजिम मात्र हुने । श्रम अदालत र प्रशासकीय अदालतको निर्णय उपर पुनरावेदन नै नलाग्ने, विशेष अदालत र वैदेशिक रोजगार न्यायाधिकरणको निर्णयउपर सिधै सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने, राजश्व न्यायाधिकरणको निर्णय उपर अनुमतिको निवेदन मात्र लाग्ने, ऋण असुली न्यायाधिकरण र प्रहरी विशेष अदालतको निर्णयउपर सम्बन्धित पुनरावेदन न्यायाधिकरण वा प्रहरी विशेष अदालतमै पुनरावेदन लाग्ने पृथक पृथक व्यवस्था र अवस्थाको औचित्य सर्वोच्च अदालतबाट खोज्न नसकिने भन्ने निर्णय भएको छ ।

## २.२.२२ न्यायको चरम दुरूपयोग भएको अवस्थामा क्षतिपूर्तिको अधिकार

### पृष्ठभूमि

न्याय व्यक्तिको नैसर्गिक अधिकार हो । त्यसैले न्यायको दुरुपयोग भएको कारणले अनाहकमा कसैको स्वतन्त्रताबाट बञ्चित हुने वा अन्याय सहनुपर्ने अवस्था भएमा क्षतिपूर्ति पाउने अधिकार नै यो अधिकारसँग सम्बन्धित छ ।

### अन्तर्राष्ट्रिय कानून

मानव अधिकार सम्बन्धी दस्तावेजहरुमध्ये केवल नागरिक र राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको धारा १४(६) ले मात्र न्यायको चरम दुरुपयोग भएको अवस्थामा क्षतिपूर्तिको अधिकारको कुरा गरेको छ । सो धारामा भनिएको छ ।

"कुनै व्यक्तिलाई अन्तिम निर्णयद्वारा फौजदारी अपराधमा दोषी करार गरिएको छ र पछि नयाँ तथ्य वा नयाँ फेला परेको प्रमाणले निश्चयका साथ न्यायको चरण दुरुपयोग भएको ठहर गरी पहिलाको निर्णय उल्टी भयो वा उसलाई माफी दिइयो भने, त्यसरी दोषी करार भएको कारणले सजाय पाउने व्यक्तिले, पूर्णतः वा आंशिक रुपमा उसैको कारणले त्यस्तो तथ्य खुल्न नआएको हो भन्ने भएमा बाहेक कानूनअनुसार क्षतिपूर्ति प्राप्त गर्नेछ"

साथै प्रतिज्ञापत्रको धारा ९ (५) ले गैरकानूनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार हुनेछ भनी व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले पनि न्याय प्रशासनको दुरुपयोग भएको अवस्थामा क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ ।

### राष्ट्रिय कानून

हाम्रो मुलुकमा पटक पटक हत्या भएको भनिएको व्यक्ति जिउँदै भेटिएको पनि पाइएको छ । तर यस्तो न्यायको चरम दुरुपयोग भएको अवस्थामा न त अन्तिम भएको भनिएको मुद्दा पुनः जाग्न सक्ने स्पष्ट व्यवस्था छ न त क्षतिपूर्तिको व्यवस्था नै । तर न्याय प्रशासन ऐन, २०७३ को दफा ११ अनुसार सर्वोच्च अदालतबाट फैसला वा आदेश गरिसकेको मुद्दा सर्वोच्च मुद्दाको इन्साफमा तात्विक असर पर्ने सक्ने तथ्य प्रमाण मुद्दा किनारा भएपछि मात्र फेला परेमा वा अदालतबाट प्रतिपादित नजीर वा कानूनी सिद्धान्त प्रतिकूल फैसला वा आदेश

भएको देखिएमा उक्त मुद्दा सर्वोच्च अदालतले पुनरावलोकन गर्न सक्नेछ। साथै नेपालको संविधानको धारा १३३, १४४ र १५१ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ७ एवं नागरिक अधिकार ऐन, २०१२ को दफा १६ अनुसार गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैले वा अरु कसै मार्फत बन्दीप्रत्यक्षीकरणको आदेशको निमित्त अदालतमा निवेदन गर्न सक्ने व्यवस्था छ। त्यस्तो निवेदनमा अदालतले ठाडो जाँचबुझ गरी प्रचलित कानूनको अख्तियारी विना थुनिएको ठहरिन आएमा त्यसरी गिरफ्तार भएको वा थुनिएको व्यक्तिलाई छाड्न आदेश दिन सक्नेछ व्यवस्था गरेको छ। त्यसैले पनि प्रतिज्ञापत्रको धारा १४(६) को व्यवस्था हाम्रो सन्दर्भमा महत्वपूर्ण छ। तर नेपालमा न्यायको दुरूपयोग भई पीडित भएको अवस्थामा त्यस्तो पीडितले क्षतिपूर्ति पाउने कानूनी व्यवस्थाको भने अभाव रहेको देखिन्छ।

**अमृतलाल श्रेष्ठ बि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, २०६९-WS–००७६** सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा सूचीबद्ध फौज्दारी मुद्दा वा नेपाल सरकारीवादी हुने फौज्दारी मुद्दाको कसूरको सम्बन्धमा जानी वानी वा पूर्वाग्रह पीडित भै देखादेखी गलत अनुसन्धान र अनुचित अभियोजनका कारण अरोपित व्यक्ति थुनामा बस्नु परेको अवधिको राज्यद्वारा न्यायोचित क्षतिपूर्तिको व्यवस्था सहितको कानून निर्माण गर्नु भनी बिपक्षीका नाममा निर्देशनात्मक आदेश जारी गरि दिएको छ।

परिच्छेद-३

# महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति

**महान्यायाधिवक्ताको कार्यालयको अभियोजन सम्बन्धी नीति देहाय बमोजिम हुनेछन्:**

१. प्रचलित फौजदारी कानून बमोजिम अपराध ठहरिने कार्य गर्ने व्यक्तिहरु उपर मात्र कानून बमोजिम गरिएको अनुसन्धानका आधारमा अभियोजन गरिने छ ।

२. अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा स्वच्छता र न्यायका मान्य सिद्धान्त अनुरुप गरिनेछ ।

३. जसका विरुद्ध अपराधिक कार्य गरेको भन्ने आरोप लगाई अनुसन्धान र अभियोजन गरिन्छ उनीहरुलाई स्वच्छ र उपयुक्त प्रक्रिया उपलब्ध गराइने कुराको सुनिश्चितता प्रदान गरिनेछ ।

४. कानूनको उचित प्रक्रियाको अवलम्वन गरी गरिएको अनुसन्धान बाट प्राप्त प्रमाणको आधारमा उचित देखिएको अभियोजन गरिनेछ ।

५. अभियोग लगाउने निर्णय गर्दा निश्चित र सार्वजनिक रुपमा ज्ञात भएका सिद्धान्त अनुरुप गरिनेछ ।

६. अभियोजनमा प्रभावकारीता ल्याउन अनुसन्धान कार्यको कानूनी पक्षमा अभियोजनकर्ताले नेतृत्वदायी भूमिका निर्वाह गरी अनुसन्धानकर्तालाई निर्देशित गर्नेछन् ।

७. अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा उचित आधार र कारण खुलाई बस्तुगत प्रमाणमा आधारित भई गरिने छ ।

८. अनुसन्धानबाट संकलित प्रमाणको आधारमा देखिएको अभियुक्तको भूमिका र संलग्नता अनुसार उपयुक्त व्यक्ति उपर उपयुक्त अभियोजन गरिने छ ।

९. अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा कसै उपर प्रतिशोध साध्ने वा

कसैको उक्साहट, दवाव, प्रलोभन र प्रभावमा आधारित नभई स्वच्छ, निष्पक्ष र स्वतन्त्रतापूर्वक गरिने छ ।

१०. अभियोजन गर्दा सदैव सार्वजनिक हित एवं स्वार्थलाई केन्द्रमा राखी गरिने छ ।

११. अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा अभियुक्त र पीडितका सम्बन्धमा संविधान, कानून, नेपाल पक्ष भएका अन्तरराष्ट्रिय महासन्धि र घोषणपत्रले प्रत्याभूत गरेका अधिकारप्रति प्रतिवद्ध र संवेदनशील रही गरिनेछ ।

१२. अभियोजनकर्ताले उचित कारण भएमा बाहेक अनुसन्धान कार्य सम्पन्न भई आफूसमक्ष प्राप्त भएको मुद्दाको मिसिल उपर मुद्दा चल्ने नचल्ने लगायत आवश्यकता अनुसार अन्य निर्णय अनुचित बिलम्ब विनाशीघ्र रुपमा गर्नेछन् ।

१३. अनुसन्धानबाट संकलित भएको प्रमाण कागज अभियोजनको पक्ष वा विपक्षमा भएपनि मिसिलमा समावेश गरिनेछ ।

१४.अभियोजनकर्ताले कानून बमोजिम गोप्य राख्नु पर्ने देखि बाहेक आफ्नो काम कारवाही सम्बन्धी सूचनाहरु लुकाउने छैनन् । यस प्रयोजनार्थ पीडित, शंकित र सरोकारवाला व्यक्तिले माग गरेको मुद्दाको कारवाही सम्बन्धी सूचना, जानकारी र कागजपत्र उपलब्ध गराउने छन् ।

१५. अभियोजन सम्बन्धी निर्णय र अन्य कार्य गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक र न्यायमा पहुँच नभएका वर्गहरुप्रति विशेष संवेदनशील भई व्यवहार गरिने छ ।

१६. थप अनुसन्धानको आवश्यकता भएको अवस्थामा वाहेक एउटै घटनाबाट घटित अपराधको सम्बन्धमा अभियोजन सम्बन्धी सम्पूर्ण निर्णय एकैपटक गरिने छ ।

१७. अभियोजन गर्दा प्रत्येक व्यक्तिको संलग्नता र सहभागिताको आधार र कारण खुलाई छुट्टा-छुट्टै स्पष्ट रुपमा  गरिनेछ । गोश्वारा अभियोजन गरिने छैन् ।

१८.अभियोजन गर्दा कसूर, विगो, भोग्नु व्यहोर्नुपर्ने दण्ड सजाय जरिवाना र भराईनुपर्ने क्षेतिपूर्तिको कानूनी आधार सहित स्पष्ट दावी लिईनेछ ।

१९.अनुसन्धानका क्रममा बरामद भएका अदालतमा पेश गरिने दशी प्रमाण के

गर्ने भन्ने सम्बन्धमा कानूनी आधार सहित अभियोगपत्रमा स्पष्ट उल्लेख गरिनेछ । अदालतमा पेश नगरिने बरामद चिजबस्तु सम्बन्धित व्यक्तिलाई फिर्ता दिने वा अनुसन्धान अधिकृतले सुरक्षितसाथ राख्ने भन्ने सम्बन्धमा पनि कानूनी आधार सहित अभियोजन सम्बन्धी निर्णयमा उल्लेख गरी सो निर्णय अनुसार गरिनेछ ।

२०. नाम, थर, वतन एकीन नभई स्पष्ट पहिचान नखुलेका व्यक्ति उपर निजहरुको नाम, थर वतन सहितको पहिचान खुलेका वखत कानून बमोजिम गरिने छ ।

२१. अभियोजन सम्बन्धी निर्णय र अन्य कामकारवाही गर्दा अदालत, शंकित व्यक्ति र पीडित उपर सम्मानजनक भाषाको प्रयोग गरिने छ ।

२२. अनुसन्धान अधिकारीले मुद्दा चलाउने राय व्यक्त गरेका मध्ये सरकारी वकीलबाट केही व्यक्ति उपर मुद्दा नचलाउने निर्णय भएमा त्यसका बारेमा अविलम्ब महान्यायाधिवक्ता समक्ष जाहेर गरिनेछ ।

२३. अनुसन्धान अधिकारीले अनुसन्धान कार्य सम्पन्न गरी पेश गरेको मुद्दामा सरकारी वकीलले तत्काल मुद्दा नचलाई थप अनुसन्धान गर्न निर्देशन सहित पक्राउ परेका शंकित व्यक्तिलाई  हाजिर जमानीमा छोड्न लेखी पठाएको अवस्थामा सो सम्बन्धी कारवाही बारे अविलम्ब महान्यायाधिवक्ता समक्ष जाहेर गरिनेछ ।

२४.कुनै पनि प्रकारले आफनो व्यक्तिगत वा पारिवारिक हक, हित वा स्वार्थ गासिएको बिषयमा सरकारी वकीलले अभियोजन सम्बन्धी निर्णय वा अन्य कार्य गर्ने छैनन् ।

## अभियोजन नीतिको प्रभावकारी कार्यन्वयनका लागि कार्यनीति

अभियोजन नीतिलाई व्यवहारमा प्रभावकारी रुपमा कार्यान्वन गर्न महान्यायाधिवक्ताको कार्यालयले निम्न लिखित कार्यनीति अवलम्बन गर्नेछ :

१. अभियोजन सम्बन्धी कार्य सम्पादन गर्न सक्षम अभियोजनकर्ताको विकासका लागि क्षमता अभिवृद्धि सम्बन्धी स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२. अभियोजनकर्ताहरुको क्षमता अभिवृद्धिको लागि लामो र छोटो अवधिको तालिम तथा निरन्तर सिकाईका माध्यम अवलम्बन गरिनेछ ।

३. अभियोजन सम्बन्धी निकायलाई जनशक्ति, पुस्तक लगायतका भौतिक स्रोत साधनबाट सक्षम र साधन, स्रोत सम्पन्न बनाइनेछ ।

४. अभियोजन सम्बन्धी कार्यको प्रभावकारी अनुगमन गरी अभियोजन नीति विपरीत कार्य गर्नेलाई कारवाहीको दायरामा ल्याइने र अभियोजन नीति अनुरुप प्रभावकारी रुपमा कार्य गर्नेलाई पुरस्कृत गर्ने परिपाटी अवलम्बन गरिनेछ । यसका लागि अभियोजन नीतिलाई सरकारी वकीलको कार्य सम्पादन मूल्यांकनको एक आधार मानिनेछ । वद्नियतपूर्वक कार्य गरेको प्रमाणित भएको अवस्थामा वाहेक सरकारी वकीललाई व्यावसायिक स्वतन्त्रता अन्तर्गत रही कार्य सम्पादन गरे वापत कारवाही गरिने छैन ।

५. अभियोजन सम्बन्धी कार्य सम्पादनकालागि सामान्य रुपमा जारी गरिने नीतिगत निर्देशन वा परिपत्र वाहेक अमुक मुद्दामा अमुक किसिमको निर्णय गर्न निर्देशन गरिने छैन ।

## स्वच्छ सुनुवाइका आधारभूत मान्यताहरू

१. सबैलाई समान रुपमा न्यायमा सहज पहुँचको अधिकार हुनेछ । जातजाती, धर्म, वर्ण, लिङ्ग, सम्प्रदाय वा उत्पतिको आधारमा कसैलाई पनि भेदभाव गरिने छैन ।

२. तपाई उपर लगाइएको अभियोगको छिनोफानो कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र एवं निष्पक्ष न्यायिक निकायबाट हुनेछ ।

३. न्यायिक निकायबाट हुने काम कारवाही खुला इजलासबाट हुनेछ । तर विशेष प्रकृतिका मुद्दामा बन्द इजलासबाट सुनुवाइ हुन सक्नेछ ।

४. कसै उपर लगाइएको आरोप प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिनेछ ।

५. कसैलाई पनि कसूर स्वीकार गर्न बाध्य पारिने छैन ।तपाईले व्यक्त गरेको कुरा तपाइका विरुद्ध प्रमाण लाग्न सक्छ ।

६. आफू विरुद्व लागेको आरोपका सम्बन्धमा समयमा निर्णय होस भन्नु तपाईको अधिकार हो ।

७. मुद्दाको सुनुवाइ तपाईलाई जानकारी दिएर मात्र गरिनेछ ।

८. मुद्दाको कारवाहीको सिलसिलामा आफूले रोजेको कानुन व्यवसायीबाट आफ्नो प्रतिरक्षा गराउन पाइन्छ ।

९. तपाई विरुद्व लगाइएको अभियोगको लिखित जानकारी अर्थात अभियोगपत्रको प्रतिलिपि त्यस्तो मुद्दाको सुनुवाइ अघि नै तपाइले पाउनु हुनेछ । सम्बन्धित सरकारी वकील कार्यालयबाट त्यो उपलब्ध हुनेछ ।

१०. आफ्नो प्रतिरक्षा गर्ने क्रममा आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउनु हुनेछ। तपाई र कानुन व्यवसायी बीच भएको सल्लाह सार्वजनिक हुने छैन ।

११. सरकारी कामकाजको नेपाली भाषा नबुझ्ने समुदायको हुनुहुन्छ भने न्यायिक कारवाहीको प्रत्येक चरणमा तपाईले बुझ्न सक्ने गरी अनुवाद गर्न दोभाषेको सहयोग प्राप्त हुनेछ ।

१२. कसैलाई पनि आफ्नो निर्दोषिताको लागि प्रमाणहरुको प्रस्तुत गर्ने अधिकार हुनेछ। आफ्नो विरुद्ध पेश भएका सबुत प्रमाणको परीक्षण एवं खण्डन गर्न पाउने अधिकार समेत सुरक्षित छ।

१३. आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानुन व्यवसायी राख्न असमर्थ हुनुहुन्छ भने राज्यद्वारा निःशुल्क कानुनी सहायता एवं प्रतिरक्षा उपलब्ध हुनेछ। यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको छ।

१४. कानुनले प्रत्याभूत गरेको स्वच्छ सुनुवाइको हकको उल्लङ्घन भएमा प्रभावकारी उपचार पाउने हक समेत सुरक्षित छ।

## शंकितका आधारभूत अधिकारहरू

१. कुनै पनि व्यक्तिले गरेको काम त्यसबेलाको कानुनले अपराध मानेको रहेनछ भने त्यस्तो काम अपराध मानिदैन ।

२. कसैलाई पनि प्रचलित कानुन बमोजिम तोकिएको सजाय भन्दा बढी सजाय हुँदैन ।कानुनले नै कम सजाय वा छुट दिने व्यवस्था गरेको अवस्थामा बहाल रहेको कानुनद्वारा तोकिएको सजाय मात्र हुनेछ ।

३. कुनै पनि व्यक्तिलाई अपराधको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नु पर्दा पक्राउ गर्नुपर्ने कारण खुलाई सूचना अर्थात पक्राउ पूर्जी र प्रहरी हिरासतमा राख्नुपर्ने कारण अर्थात थुनुवा पूर्जी नदिई थुनामा राख्न पाइदैन ।

४. अनुसन्धानको क्रममा पक्राउ परेको व्यक्तिले आफू पक्राउ परेको समय देखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउँछ ।यसरी आफ्नो कानुन व्यवसायीसँग लिएको सल्लाह गोप्य रहन्छ ।

५. अनुसन्धानको क्रममा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको समय र स्थानबाट बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको हुनुपर्छ र त्यस्तो अधिकारीको आदेशले मात्रै थुनामा राख्न पाइन्छ ।

६. अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको व्यक्तिलाई शारीरिक वा मानसिक कुनै किसिमको यातना दिन पाइँदैन ।

७. अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको कुनै व्यक्तिलाई यातना दिएको रहेछ भने त्यस्तो पीडित व्यक्तिले कानुन बमोजिम उपचार पाउने हक हुनेछ ।

८. अनुसन्धानको सिलसिलामा पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको समयमा पक्राउ परेको व्यक्तिले आफूलाई थुनामा रहनु नपर्ने भए आधार र कारण खुलाई निवेदन दिन सक्छ। त्यस्तो व्यक्तिले हिरासतमा यातना पाएको भए त्यो व्यहोरा खुलाई निवेदन दिन पाउँछ र त्यसको कानुनी उपचार पाउने हक त्यस्तो व्यक्तिलाई हुन्छ ।

९. अनुसन्धानको सिलसिलामा वा आरोपपत्रसाथ अदालतमा पेश भएको अवस्थामा आफू विरुद्ध लागेको मुद्दा र कसूरको सम्बन्धमा आफूले रोजेको कानुन व्यवसायी र वकीलसँग सल्लाह लिन र प्रतिरक्षा गराउन पाइन्छ ।

१०. अनुसन्धानको सिलसिलामा पक्राउ परेको व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा आफ्नो इच्छाले बाहेक आफू विरुद्ध बयान गर्नरदिन पर्दैन ।

११. कुनै पनि व्यक्तिलाई निजले गरेको एउटा कसूरमा एक पटक कारवाही चलाइ सकेपछि त्यसै कसूरका लागि पटकपटक कारवाही गर्न पाइदैन ।

१२. प्रत्येक व्यक्तिलाई आफू विरुद्ध लागेको मुद्दारकसूरको लिखित रुपमै जानकारी पाउने हक हुनेछ ।

१३. अनुसन्धानको सिलसिलामा कुनैपनि व्यक्ति प्रहरी हिरासतमा रहदा मान्छेले जस्तो व्यवहार पाउनुपर्छ र उसले आफ्ना आफन्तहरुसँग भेटघाट गर्न पाउँछ ।

१४. अनुसन्धानको सिलसिलामा कुनै पनि व्यक्तिले प्रहरी हिरासतमा रहदा मान्छेको जस्तो व्यवहार नपाएको वा आफन्तसँग भेटघाट गर्न नदिएको अवस्थामा त्यसका विरुद्ध कानुन बमोजिम उपचार पाउने व्यवस्था छ ।

# अपराध पीडितका अधिकारहरू

१. कसैले कसूर गरेकोले तपाईलाई मर्का परेको छ भने तपाइँ अपराध पीडित व्यक्ति हो । तपाइलाई मर्का पार्ने गरी कसूर गर्ने व्यक्ति अभियुक्त हो ।

२. अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएका अनुसन्धानको र अदालतमा भएको न्यायिक कारवाहीको जानकारी पाउने हक हुन्छ ।

३. अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।

४. अपराध पीडितले राज्यका निकायको तर्फबाट शिष्टता, सांस्कृतिक संवेदनशिलता, आदर एवं मर्यादा पाउने नैसर्गिक अधिकार हुन्छ ।

५. प्रत्येक अपराध पीडितले राज्यको निकायबाट जतिसक्दो छिटो पीडितलाई उपलब्ध सेवाहरु र उपचारका व्यवस्थाहरुको जानकारी पाउने हक हुन्छ ।

६. प्रत्येक अपराध पीडितले राज्यबाट निजको आवश्यकता अनुसार उपलब्ध शारीरिक, मानसिक स्वास्थ्य सम्बन्धी सल्लाह र सुविधा एवं कानुनी सहायता प्राप्त गर्ने अधिकार हुन्छ ।

७. प्रत्येक अपराध पीडितलाई निजले अपराध गरेमा, अनुसन्धानमा उल्टो असर पर्ने भएमा बाहेक अपराध अनुसन्धानको कारवाहीको प्रत्येक चरणको जानकारी प्राप्त गर्ने अधिकार हुन्छ ।

८. प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हक हुन्छ ।

९. अपराध पीडितलाई निजसँग सम्बन्धित मुद्दाको सुनुवाइ हुने मिति, समय र स्थानको जानकारी पाउने हक हुन्छ ।

१०. अपराध पीडितलाई अदालतमा मुद्दा कसरी हेरिन्छ, के कस्तो कार्यविधि अवलम्बन गरिन्छ भन्ने बारेमा र साक्षीको रुपमा निजले के गर्नु पर्ने हो किन गर्नु पर्ने हो भन्ने बारेमा जानकारी पाउने हक हुन्छ ।

११. अपराध पीडितलाई अदालती प्रक्रिया अवधि भरी अभियुक्तसँग र निजको साक्षीसँग नचाहिदो तरिकाले सम्पर्क नहुने गरी सुरक्षित रहन पाउने हक हुन्छ ।

१२. आफू पीडित भएको अपराधको अभियुक्तको विरुद्धमा चलाइएको मुद्दामा भएको कारवाहीको बारेमा अपराध पीडितलाई जानकारी पाउने हक हुन्छ ।

१३. अदालतले अन्यथा आदेश दिएमा बाहेक अपराध पीडितले आफ्नो आवास एवं सम्पर्क नम्वर गोप्य राख्ने अधिकार सुरक्षित रहन्छ ।

१४. अदालतले अन्यथा आदेश दिएमा बाहेक अपराध पीडित मुद्दाको प्रारम्भिक सुनुवाइको समयमा उपस्थित हुँदा अभियुक्तसँग सम्पर्क हुन नपर्ने गरी रहन पाउने अधिकार हुन्छ ।

१५. पीडितमैत्री कक्षको व्यवस्था गरिएको सरकारी कार्यालयमा सो कक्षको उपभोग गर्ने अधिकार पीडितलाई हुनेछ ।

१६. अदालतमा उपस्थित भइ बकपत्र गरेपछि पीडितले सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट नियमानुसार दैनिक तथा भ्रमण भत्ता पाउँछ ।

१७. आफू पीडित भएको मुद्दा मामिलाको सम्बन्धमा कानुनी परामर्श पाउने हक हुनेछ ।